स्वावलम्बन
सम्बाद
स्वावलम्बन विकास केन्द्रको समाचारपत्र – चैत २०७७, अंक २

लघुवित्तका तीन जना उत्कृष्ट लघुउद्यमी महिला पुरस्कृत

पुरस्कार वितरण समारोह

स्वावलम्बन विकास केन्द्रले लघुवित्तका तीन जना सदस्यहरुलाई **उत्कृष्ट लघुउद्यमी सदस्य पुरस्कार २०७६** बाट पुरस्कृत गरेको छ। लघुवित्त सेवा प्राप्त गरी उद्यम गरेका देशभरीका लघुउद्यमी सदस्यहरु मध्येबाट उत्कृष्ट लघुउद्यमी ठहरिएका सदस्यहरुलाई २०७७ फागुन ६ गते बाँके जिल्लाको कोहलपुरमा आयोजित सम्मान समारोहमा लुम्बिनी प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री आरती पौडेलले जनही नगद रु २५००० तथा प्रमाणपत्र प्रदान गरेकी हुन्।

पुरस्कृत हुनेमा बाँके जिल्लाको राँझा स्थित बंगुरपालन व्यवसाय सञ्चालन गर्दै आएकी मनु थापा मगर, दाङ्ग जिल्लाको लमहीमा पशुपालन तथा तरकारी व्यवसाय सञ्चालन गर्दै आएकी गीता चौधरी र बाँके जिल्लामा गाईपालन तथा तरकारी व्यवसाय सञ्चालन गर्दै आएकी लक्ष्मी देवी खड्का रहेकी छिन्।

पुरस्कृत लघुउद्यमी सदस्य मनु थापा मगर युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड कोहलपुर बाँके, गीता चौधरी आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड घोराही दाङ्ग र लक्ष्मी देवी खड्का उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड कोहलपुर, बाँके संग आवद्ध उद्यमी सदस्य हुन्।

उत्कृष्ट लघुउद्यमी पुरस्कार वितरण समारोहमा बोल्दै लुम्बिनी प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री आरती पौडेलले लघुवित्तका कारण मुलुकले महिला सशक्तिकरणमा उल्लेख्य प्रगति हासिल गरेको तथा महिलाहरु संगठित हुन पनि बल पुगेको र विशेष गरी जीवनमा के गरौं कसो गरौं भन्ने निराश अवस्थामा रहेका विपन्न महिलाहरुका लागि सीप र पूँजी दुबै उपलब्ध गराएर लघुवित्त कार्यक्रम वरदान सावित भएको धारणा राखिन्।

अब लघुवित्त कार्यक्रमलाई ऋण दिने र लिने काममा मात्र सिमित नराखी सामाजिक र राजनीतिक परिवर्तनको वाहकको रुपमा हेरिनु पर्ने मन्त्री पौडेलको भनाई थियो। साथै पुरुषको तुलनामा महिलाले गर्ने आम्दानी उत्पादक क्षेत्रमा लगानी हुने हुँदा महिलाहरुलाई उद्यमी बनाउने तथा आय आर्जनमा जोड्नु पर्ने पौडेलको धारणा थियो। "पुरुषको तुलनामा महिलाहरु फजुल खर्च कम गर्छन्, उनीहरुको आम्दानी बालबालिकाको शिक्षा तथा परिवारको आवश्यकता पुरा गर्ने काममा खर्च हुन्छ त्यसैले महिलालाई आय आर्जन संग जोड्नु पर्छ।" पौडेलको जोड थियो।

मन्त्री पौडेलले महिला उद्यमीहरुको मेहनतलाई कदर गरी पुरस्कृत गर्ने स्वावलम्बन विकास केन्द्रको काम प्रशंसा योग्य भएको र तीनै जना महिला उद्यमी बधाई तथा प्रेरणाको पात्र भएको बताइन्। पुरस्कृत तीनै जना उद्यमी लुम्बिनी प्रदेशको भएकोले निकै खुशी लागेको र पुरस्कृत सदस्यहरुको मेहनत

कोरोना महामारीबाट आफु पनि बाँचौं र अरूलाई पनि बचाऔं

- नियमित साबुन पानीले हात धोऔं
- सधै मास्कको प्रयोग गरौं
- सामाजिक दुरी कायम गरौं
- स्यानीटाइजर प्रयोग गरौं

स्वावलम्बन विकास केन्द्र
माईतीघर हाईट, काठमाडौं

यस भित्र

स्वावलम्बन विकास केन्द्रको ७... पृ. २
लघुउद्यमी महिला जो ... पृ. ३
स्वावलम्बन विकास केन्द्रको ... पृ. ५
आकासियो भाखा नाघेको ... पृ. ७
लघुउद्यमशीलता विकासका ... पृ. ८
ई-पुस्तकालय स्थापनाका... पृ. ९
कोरोना महामारीले श्रृजना ... पृ. १०
सहाराको सहारालै सकिला ... पृ. ११
आत्म प्रेरणाले स्वसक्षम ... पृ. १२
लघुउद्यमशीलता विकास ... पृ. १३
वातावरण मैत्री स्वावलम्बन ... पृ. १४
स्वसक्षमताका लागि ... पृ. १५
लघवित्तमा लघुउद्यमी ग्राहक ... पृ. १६
दुई दिने नेतृत्व विकास ... पृ. १७
लघुवित्तमा लघु-उद्यमी ग्राहक ... पृ. १८
वातवरण मैत्री स्वावलम्बन ... पृ. १९
समता शैक्षिक गुठीको ... पृ. २०

सबैका लागि सम्मानजनक र अनुकरणीय रहेको मन्त्री पौडेलको धारणा थियो । यो संगै मन्त्री पौडेलले प्रदेश मन्त्रालयले पनि उद्यमशीलता विकासको लागि थुप्रै नीति तथा कार्यक्रम ल्याएको र लघुउद्यमी महिलाहरुलाई प्रदेश सरकारको नीति तथा कार्यक्रममा सहभागी गराउन लघुवित्त संस्थाहरुलाई पनि आग्रह गरिन् ।

यस अघि पुरस्कृत तीनै जना सदस्यहरुले आफ्नो संघर्षको कथा र आफ्नो सफलतामा लघुवित्तले कसरी सघायो भन्ने बारे आफ्ना अनुभवहरु सुनाएका थिए ।

समारोहमा बोल्दै कोहलपुर नगरपालिकाका नगर प्रमुख लुट बहादुर रावतले नेपालमा सम्भावना छैन भन्दै कामको लागि विदेश जाने युवाहरुको लागि पुरस्कृत तीनै जना सदस्य गतिलो उदाहरण भएको र नेपालमै केहि गर्न सम्भव छ भन्ने उदाहरण भएको धारणा राखे । यसै गरी केहि गरौं भन्ने जाँगर भएका महिलाहरुको मेहनतलाई सम्मान दिने स्वावलम्बन विकास केन्द्रको काम सह्रानीय भएको र उद्यमी महिलाहरुलाई हौसला दिने तथा पुरस्कृत गर्ने कामलाई स्वावलम्बन विकास केन्द्रले आगामी दिनमा पनि निरन्तरता दिने विश्वास व्यक्त गरे ।

समारोहमा स्वावलम्बन विकास केन्द्रका कार्यकारी प्रमुख बेचन गिरीले उद्यमशीलता विकास र प्रवर्द्धन गर्नुका साथै उद्यमी सदस्यको पहिचान दिलाउने उद्देश्यले स्वावलम्बन विकास केन्द्रले यो पुरस्कार स्थापना गरेको र विजेता छान्दा पनि ३ तहको मुल्यांकन समितिले १० वटा सुचकहरु व्यवसाय वृद्धि, उत्पादन र बिक्रीको प्रवृत्ति, नाफाको प्रवृत्ति, व्यवसायमा नयाँ कार्यशैलीको प्रयोग, व्यवसायको दिगोपना, समाजमा पुऱ्याएको योगदान, वातावरणमा पारेको सकारात्मक प्रभाव, प्रविधिको प्रयोग, व्यवसाय अनुशरणको सम्भावना र बजार व्यवस्थापनको आधारमा उत्कृष्ट लघुउद्यमी सदस्य छानेको जानकारी गराए । साथै आगामी दिनमा पनि केन्द्रले यस्तो पुरस्कारले निरन्तरता पाउने व्यहोरा जानकारी गराए ।

समारोहमा स्वावलम्बन विकास केन्द्रका प्रबन्ध समिति सदस्य तथा यूनिक नेपाल लघुवित्त वित्तीय संस्थाका कार्यकारी निर्देशक डा. गोपाल दहितले गरिबी हटाउन, रोजगारी श्रृजना गर्न तथा मुलुकलाई परनिर्भरताबाट आत्मनिर्भर बनाउन अब महिलाहरु अगाडि आएर उद्यमी बन्नु पर्ने र यसै उद्देश्यको लागि लघुवित्त कार्यक्रम शुरु भएको उल्लेख गरे ।

समारोहमा स्वावलम्बन विकास केन्द्रका प्रबन्ध समिति सदस्य तथा किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका महाप्रबन्धक डम्बर बहादुर शाहले पुस्कृत हुनेको बर्षौ सम्मको लगन र मेहनतले यो सफलता प्राप्त भएको र यो सबै लघुवित्त सदस्यको लागि अनुशरण योग्य रहेको धारणा राखे ।

यसै गरी ग्रामिण महिला उत्थान केन्द्रका अध्यक्ष आसमानी चौधरीले सबै सदस्य तथा लघुवित्त संस्थाहरु "स्वच्छ लघुवित्त, हाम्रो अभियान" भन्ने नाराको मर्म अनुरुप अगाडी बढ्नु पर्ने र यसो गर्दा सहजै परिवर्तन ल्याउन सकिने धारणा राखिन् ।

उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडका अध्यक्ष शान्ती ढकालले पुरस्कार वापत पाएको नगद २५ हजार भन्दा पनि यसको गरिमालाई न्याय गर्न र उद्यमशीलतालाई सबै सदस्यले निरन्तरता दिँदै जिम्मेवारी वहन गर्नु जरुरी रहेको कुरा उल्लेख गरिन् ।

सहभागीहरुलाई धन्यवाद प्रदान गर्दै स्वावलम्बन विकास केन्द्रका निर्देशक सतिश श्रेष्ठले श्रमको लागि विदेश जाने तर मुलुक भित्रै अवसर हुँदाहुँदै पनि उद्यमी बन्न र उद्यमशीलतालाई महत्व नदिइएको वर्तमान अवस्थामा लघुवित्त सदस्यलाई प्रोत्साहन गर्न स्वावलम्बन विकास केन्द्रले उत्कृष्ट लघुउद्यमी सदस्य पुरस्कार स्थापना गरेको जानकारी गराए ।

समारोहमा यूनिक नेपाल लघुवित्त वित्तीय संस्थाका अध्यक्ष के.पी. चौधरी, वातावरण सुधार वहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष चन्द्रलाल आचार्य, कार्यकारी प्रबन्धक श्री सुरज प्रसाद आचार्य, वरिष्ठ प्रबन्धक किरण वस्नेत, उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत शारदा पोखरेल, आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सोगत वीर चौधरी लगायत लघुवित्तकर्मी तथा सदस्यहरुको सहभागिता रहेको थियो ।

स्वावलम्बन विकास केन्द्रको ७ सदस्यीय प्रबन्ध समिति चयन

स्वावलम्बन विकास केन्द्रको २९औं साधारण सभाले आगामी दुई बर्षको लागि ७ सदस्यीय प्रबन्ध समिति निर्विरोध चयन गरेको छ । जसमा शंकर मान श्रेष्ठ, महेन्द्र कुमार गिरी, शोभा बज्राचार्य, डा. सुमित्रा मानन्धर गुरुङ, डा. गोपाल दहित, डम्बर बहादुर शाह र सुधिर कुमार श्रेष्ठ रहेका छन् ।

साधारण सभा समापन पछि बसेको प्रबन्ध समितिको बैठकले केन्द्रका पदाधिकारीहरु समेत चयन गरेको छ । जस मध्ये अध्यक्षमा शंकरमान श्रेष्ठ, उपाध्यक्षमा महेन्द्र कुमार गिरी र कोषाध्यक्षमा शोभा बज्राचार्यलाई चयन गरेको छ ।

प्रबन्ध समितिका नवनिर्वाचित पदाधिकारीहरुका साथ कार्यकारी प्रमुख

लघुउद्यमी महिला जो उत्कृष्ट ठहरिए

१. मनु थापा मगर

एक दशक अघिसम्म नेपालगञ्ज उप-महानगरपालिका वडा नं १९ की मनु थापा मगरले चार जनाको परिवार पाल्न दिनहुँ संघर्ष गर्थिन । मनु संग सिँचाई सुविधा नभएको एक विगाहा खेत थियो । त्यसमा फलेको अन्नले चार जनाको परिवारलाई खान पुग्थ्यो । श्रीमानले अरुको ग्रील पसलमा काम गर्थे । त्यसबाट आएको पैसाले जेन तेन घर खर्च चल्थ्यो । घरायसी उपयोगका लागि एउटा गाई अनि केहि कुखुरा हुन्थे । विगत सम्झँदै मनु भन्छिन् "मलाई के खाउँ के लाउँ भन्ने चिन्ता थिएन तर गतिलो आम्दानी नभएर ढुक्क हुन नसक्ने, अनि भविष्यको चिन्ता भई रहने ।" हुन पनि दैनिक १६ घण्टा गरेको कामले मनुलाई मुस्किलले माम मात्रै दिन्थ्यो । चाहेर पनि दाम अनि सम्मान पाउन सकेकी थिइनन् । आफ्नै गाउँ भित्र समेत कसैले वास्ता गर्दैनथे । पहिचानको प्रसंगमा मनु थप्छिन् "घरको कामले कति वेला रात पर्छ थाहै हुदैन्थ्यो, कस्ले चिन्नु नी त्यो वेला ?"

परिवारको सुरक्षित भविष्यको लागि भौतारी रहेकी मनु थापा मगर विक्रम संवत २०६८ सालमा यूनिक नेपाल लघुवित्त वित्तीय संस्थाको सदस्य बन्न पुगिन् । घरायसी काम घटाएर उद्यमी बन्ने योजना अनुसार रु ८ हजार ऋण लिएर कुखुरा पालन शुरु गरिन् । यस पछि उनलाई यूनिक नेपाल लघुवित्त वित्तीय संस्थाले बंगुरपालन तालिम दियो । तालिम संगै रु २० हजार ऋण पनि लिइन् र बंगुरपालन शुरु गरिन् । मेहनत गर्दै जाँदा बंगुरपालन व्यवसाय फस्टाउँदै गयो, उर्जा पनि बढ्दै गयो । नियमित व्याज र किस्ता तिर्न समस्या भएन । सफल हुँदै जाँदा गर्ने साहस र उर्जा आउन थाल्यो । यता संस्थाले पनि उनलाई विश्वास गर्न थाल्यो । मनुले नयाँ ऋण बढाउँदै लगिन् साथै बंगुरपालन व्यवसाय पनि विस्तार गर्दै लगिन् ।

अनुभवले खारिदै गर्दा मनुको बंगुर पालन पनि बर्षेनी फस्टाउँदै गयो । छोरा र बुहारीले पनि व्यवसायमा सघाउन थाले । श्रीमानले अरुकोमा काम गर्न छाडे र मनुलाई सघाउन थाले । घरको मानिसले मात्रै काम गर्न नसक्ने भए पछि बाहिरकालाई रोजगारी

श्रीमानका साथ मनु

दिन पुगिन् । अहिले मनुकोमा हरेक बर्ष कम्तिमा ३ जनाले नियमित रोजगारी पाएका छन् । यता मनुले बंगुरको संख्या पनि बढाउँदै लगिन् । खोर पनि व्यवस्थित र आधुनिक बनाइन् ।

मनुले एउटा बंगुरबाट शुरुवात गरेर अहिले ६० देखि ७० वटा वयस्क बंगुर पाल्न सफल भएकी छिन् । उनले पछिल्लो समय एक बर्षमा २०० वटा सम्म बंगुरका पाठा बिक्री गरिन् । यसबाट सबै लागत कटाएर बार्षिक कम्तिमा रु ७ लाख मुनाफा हुने गरेको छ । त्यस बाहेक मासु किन्नेहरु दैलोमै आउँछन् र प्रतिकिलो रु २६० को भाउमा किनेर लान्छन् । मासुबाट मनुले बार्षिक करिब रु ४ लाख रुपैयाँ मुनाफा गर्छिन ।

बंगुरपालन व्यवसायबाट भएको मुनाफाबाट उनले तीन बर्ष अघि करिब १० लाख खर्च गरेर कुटानी पिसानी मिल स्थापना गरिन् । मिलको कारण बंगुर पाल्न सहज भयो । मिलले गाउँमा सेवा संगै कम्तिमा बर्षको ३ लाख रुपैयाँ मुनाफा दिन्छ । यस बाहेक मनुले ३ कठ्ठा घडेरी पनि जोडेकी छिन् ।

अहिले मनु थापा मगर संग दाम संगै समाजमा नाम पनि छ । उनी आफ्नो क्षेत्रको अग्रणी उद्यमी हुन् । अरुको लागि प्रेरणाको स्रोत हुन् । उनको सिको, सल्लाह र सहयोगले अरुले पनि उद्यम शुरु गरेका छन् । अहिले मनु अरुका लागि गाउँमा ऐचो पैचो आवश्यक पर्दा मात्र होइन व्यवसायिक सरसल्लाह गर्न समेत भरपर्दो व्यक्ति भएकी छिन् ।

हाल उनले आफ्नो व्यवसाय विकास तथा उत्पादन संगै बजारीकरणमा अव्वल सीप हासिल गरेकी छिन् । उन्नत जातका बंगुरपालन गर्ने देखि स्वस्थ र सुरक्षित तरिकाले बंगुरपालन गर्न आवश्यक पूर्वाधार बनाएकी छन् । यसले उनको व्यवसायमा जोखिम घटाएर दिगोपना बढाएको छ । उनी बजारको माग तथा बदलिंदो परिवेशलाई आत्मसात गर्न सफल भएकी छन् ।

मनुले आफ्नो सफलताको श्रेय यूनिक नेपाल लघुवित्त वित्तीय संस्थालाई दिन्छिन् । संस्थाले दिएको सीप अनि पटक पटक पत्याएको ऋण उनी आफ्नो सफलताको सिढी ठान्छिन् । मनुको यो सफलताले उनी केवल आफ्नो परिवार र समाजको लागि मात्र उदाहरणीय पात्र होइनन् । लघुवित्त क्षेत्रले गरिबी तथा विपन्न समुदाय तथा महिला वर्गलाई गरिबीको चंगुलबाट कसरी माथि उठाउन सक्छ भन्ने उदाहरण प्रस्तुत गरेकी छिन् । यसको साथै लघुवित्तले गरिबहरुका लागि केहि गर्दैन भन्नेहरुको लागि पनि गतिलो जवाफ हुन्, मनु थापा मगर ।

२. गीता चौधरी

दाङ जिल्लाको लमही कि गीता चौधरीको विगत थुप्रै अभाव र दवावका कथा व्यथाले भरिपूर्ण छ । आफुले भोगेका घटना सम्झेर गीता चौधरी अझै झसंग हुन्छिन्, भावुक हुन्छिन्, आँखा रसाउँछन् । ७ बर्ष अघि उनका छिमेकी पसलेले उनलाई एक किलो चिनी उधारो पत्याएनन् । गीता संग पैसा थिएन, नत आम्दानीको भरपर्दो बाटो नै थियो । 'किन्ने पैसा म संग थिएन, कमाउने श्रीमान विरामी थिए' गरिबीका कारण ७ बर्ष अघि पटक पटक लज्जित र दुःखी हुनु परेको घटना सम्झँदै उनले थपिन् "माइती जाने गाडी भाडा नभएर कति पटक रोएर बसेकी छु ।"

१० बर्षे ससस्त्र द्वन्द्वको वेला गाउँमा बस्ने वातावरण नभए पछि गीता ८ कक्षाको पढाइ छाडेर दाजुहरु संग भारत जान बाध्य भइन् । फर्केर आउँदा उमेर पुग्यो । विद्यालय जाने भन्दा विहे गरेर घरजम गर्ने दवाव आयो । सामान्य किसान परिवारमा घरजम गरेर गएकी गीताको समय चुलोचौको र घर धन्दामै बित्न थाल्यो । जेनतेन खान

आफ्नो तरकारी बारीमा गीता चौधरी

पुग्ने जग्गा जमिन थियो। घर खर्च चलाउन भने ज्यालादारीको भर पर्नु पर्थ्यो । यहि बिचमा गीता परिवारबाट अलग भईन् । अंश नपाउँदा उनी संग खानलाई अन्न, बस्ने घर तथा लाउने लुगा सबैको चरम अभाव भयो । "सानो बच्चा थियो । घरमा आगो बाल्ने ठाउँ सम्म नभएर बारीमा चुलो बनाएर अरुसंग मागेको आलु पकाएर छाक टारे ।" भावुक हुँदै गीता आफ्नो विगत सुनाउँछिन् ।

विवाह पछि कमाएर ल्याउने श्रीमान पश्चिम नेपालको थारु समुदायमा मानव संकटको रुपमा रहेको सिकलसेल एनिमिया रोगले थला परे । श्रीमानको उपचारमा भएको जायजेथा सक्कियो । औषधि किन्न पैसा नपुग्ने भयो। गीतालाई घर चलाउन दिनहुँ कठिन हुँदै गयो । आर्थिक अवस्था नाजुक भयो । उनको यो अवस्था देख्नेले अर्को विहे गर सम्म भने । गीता भन्छिन् "तर मैले हिम्मत हारिन, केहि गरेर देखाउनु पर्छ भन्ने सोचें ।"

अभावको जीवनबाट कसरी छुटकारा पाउने भन्ने सोचमा भौतारिदै गरेकी गीताको जिवनले त्यो वेला नयाँ मोड लियो जब उनको दैलोमा ग्रामिण महिला उत्थान केन्द्र पुग्यो । विक्रम संवत २०७० सालमा संस्थाका कर्मचारीले उनलाई समूहमा बसेर बचत गर्न, उद्यम गर्न र आत्मनिर्भर बन्न सुझाव दिए । औषधि खाने पैसा नभएको वेला आफुलाई बचत गर्न असम्भव हुने भएकाले शुरुमा त गीताले समूहमा बस्न इन्कार गरिन् । समूह प्रवेश पूर्वको तालिममा बसे पछि गीतालाई केहि उपाय निकालेर समूहमा बस्नु पर्छ जस्तो लाग्यो । त्यहि वेला गीताले माईतीबाट १५ सय रुपैयाँ मागेर आफु सुत्ने कोठामा किराना पसल शुरु गरेकी थिइन् । त्यो पसलले लगानी अनुसारको मुनाफा त दिन्थ्यो तर यसले मात्रै उनका दुःखका पहाड फोर्न सक्ने अवस्था थिएन ।

विक्रम संवत २०७० साल असोजमा ग्रामिण महिला उत्थान केन्द्रले व्यवसाय गर्न सीप सिकायो र ऋण लगानी गर्‍यो । उनले पहिलो पटक रु ५ हजार ऋण लिइन् । 'ऋण अलि अलि गरेर विस्तारै तिरे पनि हुन्छ भन्नु भयो, त्यो वेला म निकै खुशी भए' गीता सम्झिन्छन् । उनले पहिलो पटक लिएको ऋण मध्ये रु ३ हजारमा एउटा भाले र २ वटा पोथी बंगुर किनिन् । बचेको २ हजार रुपैयाँले किराना पसल विस्तार गरिन् । बंगुरले उत्पादन दिने बेलासम्म किराना पसलले घर खर्च धान्यो । पहिलो पटकमा दुईवटा बंगुरले ९ वटा पोथी र ६ वटा भाले पाठा पायो । यो क्षण गीताको लागि निकै खुशीको क्षण थियो । पहिलो बर्षबाटै गीताले किराना पसल र बंगुरबाट राम्रो आम्दानी लिन थालिन् । किस्ता तिर्ने, घर खर्च चलाउने समस्या भएन । थप व्यवसाय विस्तार गर्ने आधार पनि बन्यो । समय बित्दै गयो, उनको मुनाफा निरन्तर बढदै गयो । किस्ता तिर्दै फेरी ऋण थप्दै निरन्तर व्यवसाय विस्तार पनि गर्न थालिन् । यो बिचमा उनले हाँस र कुखुरा पाल्न पनि शुरु गरिन् । दुई विगाहा जग्गा भाडामा लिएर तरकारी खेती गरिन् । सिजनमा तोरी मकै जस्तो नगदेवाली उत्पादन गर्न थालिन् । गाउँमै व्यवसाय विविधिकरणको एक सफल उदाहरण बनिन । गीताले व्यवसाय विकास र विस्तारका लागि हाल सम्म ९ पटकसम्म कर्जा चलाइ सकेकी छिन् । पछिल्लो पटक उनले ६ विगाहामा खुर्सानी खेती गरेकी छिन् ।

अहिले गीताको बंगुर, हाँस तथा कुखुरा, तरकारी र अन्य कृषि उपजबाट बर्षमा २५ लाख बरावरको व्यापार हुन्छ । धेरै जसो उत्पादन घरबाटै बिक्री हुन्छ । घोराही, बुटवल र चितवनबाट समेत व्यापारीहरु आउने गरेका छन् । अहिले उनले सबै खर्च कटाएर बर्षमा कम्तिमा १० लाख रुपैया मुनाफा गर्छिन । यस बिचमा उनले रु १५ लाख खर्च गरेर ८ कोठे पक्की घर बनाएकी छन् । ६ कट्ठा १० धुर जमिन किनेकी छिन् । करीव १२ लाख खर्चेर हाँस, कुखुरा तथा बंगुरको खोर निर्माण गरेकी छिन् । रु १५ लाखमा ट्याक्टर पनि किनेकी छिन् ।

कुनै वेला कस्ले काम देला र एक छाक टर्ला भन्ने चिन्तामा हुने गीता चौधरीले अहिले २ जनालाई नियमित रोजगारी दिएकी छिन् । यस वाहेक सिजनका वेला थुप्रै ज्यालादारी कामदार लगाउँछिन् ।

अहिले उनको सामाजिक अवस्था पनि फेरिएको छ । समुदायमा गीता चौधरी अब सफल उद्यमी भनेर चिनीने स्थापित नाम हो । परिवार, छरछिमेक तथा समाजमा उनलाई हेर्ने दृष्टिकोण परिवर्तन भएको छ । व्यवसाय गर्नेहरु उनीसित सल्लाह माग्न आउँछन । उनी अन्य महिलाको लागि प्रेरणाको पात्र हुन । उ वेला १ किलो चिनी न पत्याउने समाजमा आज गीता चौधरीको नाम र सम्मान छ । उनी भन्छिन् "धन हुनेको सबै हुन्छ, धन नहुनेको कोही हुँदैन भन्छ नि सर, त्यो साँच्चिकै रहेछ ।"

३. लक्ष्मी देवी खड्का

लक्ष्मी देवी खड्काको जन्म विक्रम संवत २०२० सालमा सुर्खेत जिल्लाको तेलापानीमा भएको थियो । उनको वाल्यकाल वर्दियाको सानोश्रीमा वित्यो । २०३९ सालमा वर्दिया राष्ट्रिय निकुञ्ज विस्तारको क्रममा सरकारले उनको परिवारलाई एक विघा १० कट्ठा जमिन दिएर वर्दियाकै तारातालमा पुनर्वास गरायो । परिवार ठूलो हुँदा सरकारले उपलब्ध गराएको जग्गाले हातमुख जोर्न धौ धौ हुन्थ्यो । परिवारमा आम्दानीको गतिलो बाटो थिएन । आम्दानीको बाटो खोज्दै २०६६ सालमा लक्ष्मीको परिवार वाँकेको नेपालगञ्ज आएर तरकारी बेच्न शुरु गर्‍यो । गरिबीले गर्दा नै लक्ष्मीले छोराछोरी धेरै पढाउन सकिनन् । विद्यालय

(बाँकी पृष्ठ ६ मा)

लक्ष्मी देवी खड्का उनको टमाटर बारीमा

स्वावलम्बन विकास केन्द्रको

२९औं साधारण सभा सम्पन्न

प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष शंकर मान श्रेष्ठ

२०७७ मंसिर १२ गते शुक्रवार स्वावलम्बन विकास केन्द्रको २९औं साधारण सभा सम्पन्न भएको छ । कोरोना महामारीका कारण केन्द्रले आफ्नो साधारण सभा अनलाईन माध्यमबाट सम्पन्न गरेको हो ।

सभामा केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठले केन्द्रको आर्थिक बर्ष २०७६।७७ को आय व्यय विवरण तथा कार्य प्रगति विवरण सहितको प्रतिवेदन प्रस्तुत गरेका थिए । केन्द्रले गत आर्थिक बर्ष २०७६।७७मा लघुवित्त संस्थाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता तथा दक्षता अभिबृद्धि गर्न विभिन्न विषयमा ७ वटा तालिम, २० वटा गोष्ठि तथा अन्तर्राष्ट्रिय स्तरमा लघुवित्तमा भएका नयाँ-नयाँ कार्य प्रणाली बारे जानकारी गराउन ६ वटा अन्तर्राष्ट्रिय अध्ययन अवलोकन भ्रमणहरुको आयोजना गरेको थियो । जसबाट विभिन्न लघुवित्त संस्थाका ८८० जना पदाधिकारी तथा कर्मचारीहरु लाभान्वित भएका थिए ।

श्रेष्ठले आर्थिक बर्ष २०७६।७७मा "**स्वच्छ लघुवित्त हाम्रो अभियान**"को सन्देश गाउँ स्तर सम्म पुऱ्याउन सुदुरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशमा प्रदेश स्तरीय लघुवित्त सदस्य सम्मेलन सम्पन्न गरेको जसमा २०९ महिला र ५७ जना पुरुष गरी २६६ जना सहभागी रहेको तथ्य प्रस्तुत गरेका थिए । यसैगरी केन्द्रले दुईवटा कार्य विवरण तीनवटा अध्ययन प्रतिवेदन तयार गरेको जानकारी दिए ।

प्रतिवेदन प्रस्तुतीका क्रममा अध्यक्ष शंकर मान श्रेष्ठले आगामी दिनमा गरिब, विपन्न तथा पिछडीएका समुदाय र महिलाहरुको जिवनस्तर उकास्न केन्द्रले थप प्रभावकारी कार्यक्रमहरु ल्याउने बताए । जस अन्तरगत आर्थिक बर्ष २०७७।७८का लागि लकडाउनका कारण लघुवित्त क्षेत्रमा परेको असर र चुनौतिहरुको सामना गर्न नियमित रुपमा अनलाईन वेविनारहरु आयोजना गर्ने, सदस्यको क्षमता विकास र तिनका छोराछोरीहरु एवं विदेशबाट फर्केका युवा जनशक्तिलाई स्वदेशमै लघुउद्यम/व्यवसाय गर्न आवश्यक सीप विकासको लागि तालिमको व्यवस्था गर्ने, स्थानीय स्तरमा लघु उद्यम तथा उद्यमशीलता प्रवर्द्धन गर्न उत्कृष्ट लघुउद्यमी महिला सदस्यहरुलाई उद्यमशीलता विकास पुरस्कार प्रदान गरी प्रोत्साहित गर्ने लगायतका रणनीति तय गरेको जानकारी गराएका थिए । सोही क्रममा केन्द्रले चालु आर्थिक बर्षमा लघुवित्त सेवाबाट वञ्चित अति विपन्न परिवार तथा समुदाय सम्म सेवा पुऱ्याउन लघुवित्त संस्थाहरु संग समन्वय गर्ने तथा बढ्दो पर्यावरणीय विनास र यसको कारण उत्पन्न जोखिमहरु संग जुध्न पर्यावरणमैत्री गाउँ विकास कार्यक्रमहरु संचालन गर्न लघुवित्त संस्थाहरुलाई आग्रह गर्ने जस्ता रणनीतिहरु प्राथमिकतामा राखेको जानकारी गराए ।

लेखा परीक्षण सहित, नीति तथा कार्यक्रम प्रतिवेदन २९ औं साधारण सभाबाट सर्बसम्मतिले पारित भएको छ ।

सभामा उपस्थित सदस्यहरुले केन्द्रका नीति तथा कार्यक्रमहरु सह्रानीय भएको भन्दै आफ्नो तर्फबाट सहकार्य गर्न सकिने धारणा व्यक्त गरेका थिए ।

उपस्थित सदस्यहरुले स्वावलम्बन विकास केन्द्रको संयोजन तथा ग्रामीण प्रविधि केन्द्रको सहकार्यमा शुरु गर्न लागेको पर्यावरण मैत्री स्वावलम्बन गाउँ (इको भिलेज) निर्माणलाई सबैले सहकार्य गरेर देशव्यापी अभियानको रुपमा लैजान सकिने धारणा राखेका थिए । वक्ताहरुले बालबालिकाहरुलाई उद्यमशीलता विकासमा उत्प्रेरित गर्ने उद्देश्यले हरेक लघुवित्त संस्थाले कम्तिमा एउटा ग्रामीण क्षेत्रको विद्यालय छनौट गरी अपनत्व लिन केन्द्रले गर्ने आग्रह सकारात्मक रहेको धारणा राखेका थिए । छलफलका क्रममा सहभागीहरुले केन्द्रका सदस्य संस्थाहरुले वजारीकरणको सञ्जाल निर्माणकालागि थप छलफल गर्नु पर्ने विचार व्यक्त गरेका थिए । यसै गरी उद्यमी सदस्यका छोराछोरीहरुलाई दोस्रो पुस्ताको उद्यमीको रुपमा विकास गर्न केन्द्रले

साधारण सभाको एक झलक

सञ्चालन गरेका कार्यक्रम प्रभावकारी भएकोले यसलाई विस्तार गर्नु पर्ने धारणा राखेका थिए ।

वित्तीय पहुचको माध्यमबाट ग्रामीण क्षेत्रका विपन्न समुदायको जीवनस्तर माथि उकास्दै गरिबी निवारण गर्ने दूरदृष्टिका साथ विक्रम संबत २०४८ साल श्रावण २८ गते स्थापना भएको स्वावलम्बन विकास केन्द्रका देशभर ४३ वटा संस्थागत सदस्य, १२ जना व्यक्तिगत सदस्य तथा करिव एक दर्जन अन्तर्राष्ट्रिय साझेदार संस्थाहरु छन् ।

विगत २९ बर्षको दौरानमा केन्द्रले पिछडिएको समुदाय, विपन्न बर्ग, विशेषतः गरिब

(बाँकी पृष्ठ १२ मा)

(पृष्ठ ४ बाट ...)

लघुउद्यमी महिला जो ...

तह सम्म मात्र पढेका छोराछोरी संग रोजगारीका लागि न हातमा सिप थियो न त पढाइनै । आफै उद्यम शुरु गरौँ भने लगानी गर्न पूँजी थिएन ।

परिवारलाई गरिबीबाट उकास्ने उपायको खोजिमा रहेकि लक्ष्मीदेवी खड्का विक्रम संवत २०७३ सालमा उपकार लघुवित्त वित्तीय संस्थाको सदस्य भईन । उपकार लघुवित्त वित्तीय संस्थाले उनलाई व्यवसायिक तरकारी खेती गर्न सीप र पूँजी दियो । लक्ष्मीले पहिलो पटक रु २०हजार ऋण लिएर १२ कठ्ठा भाडाको जग्गामा तरकारी खेती शुरु गरिन् । पहिलो प्रयासमै उनलाई सफलता मिल्यो । 'पहिलो पटकमा फाइदा धेरै हुने भन्दा पनि घाटा भएन, घर खर्च चल्यो, व्याज र किस्ता तिर्न पुग्यो र केहि फाइदा पनि भयो' लक्ष्मी भन्छिन् 'सबै भन्दा ठुलो अब गर्न सक्छु भन्ने आँट आयो ।' उनले पहिलो पटकमा राम्रो अनुभव पनि वटुलिन । हौसला र अनुभव बढेपछि दोस्रो पटक लक्ष्मीले थप ४० हजार रुपैया कर्जा लिएर व्यवसाय विस्तार गरिन् । सफल हुदै गईन र व्यवसाय पनि बढाउँदै लगिन् ।

अघिल्लो बर्षको दुबै कर्जा तिरी सकेर तेस्रो पटकमा उनले रु १ लाख कर्जा लिइन र स्थानीय विद्यालयको ४ विगाहा जमिन लिजमा लिएर तरकारी वालिहरु पनि बढाइन् । यो पटक उनले तरकारी संगै गाई पालन पनि शुरु गरिन । तरकारीको लागि मल र गाईको लागि घाँसपात जुटाउन सहज हुने हुँदा लक्ष्मी देवी खड्काले एकीकृत खेती प्रणाली अनुसार व्यवसाय गर्ने योजना बनाएकी थिइन् । यस पछि उनले निरन्तर लोभ लाग्दो व्यवासायिक सफलता प्राप्त गर्दै गईन् । समयमै सावाँ र व्याज चुक्ता गर्दै गइन् र संस्थाले पनि विश्वास गर्दै गयो । पछिलो पटक रु तीन लाख लिएकी लक्ष्मी देबी खड्काले यो विचमा करीव १० पटक कर्जा लिई सकिन् । पछिल्ले पटक लक्ष्मीले रु पाँचलाख कर्जा लिएकी छिन् ।

अहिले लक्ष्मी देवी खड्का जानकी गाउँपालिका ३, ठटेनपुरमा कृषि व्यवसाय गर्दै आएकी छिन् । उनी संग ७ वटा दुहुना गाई छन् । दिनमा ४० लिटर दुध उत्पादन हुन्छ र प्रतिलिटर रु ४४को दरमा दुध बिक्री हुन्छ । तरकारी वारी बढाउँदै लगेर ८ विगाहा जमीनमा खेति गरेकि छिन् । उनको वारीमा सिमी, लौका, भिण्डी, करेला, गोलभेडा, काको लगायतका तरकारी छन् । दैनिक १० देखि ५५ हजार रुपैयाँ सम्मको तरकारी बिक्री हुन्छ । 'जतिनै उत्पादन भए पनि बिक्री भै हाल्छ, वजारको कुनै समस्या छैन ।' लक्ष्मीले भनिन् 'किन्ने मान्छे घरैमा पनि आउँछन तर हामी आफ्नै अटो रिक्सामा राखेर नेपालगञ्ज पुऱ्याउने गर्छौं ।'

लक्ष्मी देवीको व्यवसायमा परिवारका छोरा बुहारी सहित ५ जना सदस्य र वाहिरका ५ जनाले नियमित रोजगारी पाएका छन् । सिजनका वेला ८, १० जना ज्यालादारी कर्मचारी थप्नु पर्छ । रु २० हजारबाट शुरु गरेको उनको यो व्यवसायमा हाल रु २० लाख आफ्नै र रु ५ लाख ऋण लगानी गरेर रु २५ लाखको पूँजी लगानी छ । पूँजी संगै खड्काले आफ्नो व्यवसायको स्वरुप विस्तार गरेर हाल ८ विगाहा जग्गा लिजमा लिएर व्यवसाय फैलाउन सफल भएकी छिन् ।

लक्ष्मीले आफ्नो व्यवसाय आधुनिक बनाउदै लगेकी छिन् । उनी आफैले र उनका छोराले कृषि तालिम लिएर सीप र ज्ञान हासिल गरेका छन् । बेमौसमी तरकारी खेती लगायत उच्च मुल्य कृषि उत्पादनमा जोड दिएकी छिन् । कम्पोष्ट मल आफैले उत्पादन गरेर अर्ग्यानिक अर्थात जैविक उत्पादनमा लागेकी छिन् । उनको जैविक खेतीले वातावरणमा तथा जैविक विविधतामा सकारात्मक प्रभाव पारेको छ । हाम्रा खेतवारीमा प्रयोग हुने र रासायनिक मल तथा विषादीका कारण माटो र नजिकको नदिनालाको जलिय जैविक विविधतामा पर्ने असर कम गर्न उनले गरेको जैविक खेती अनुशरण योग्य छ ।

यसै गरी टनेल खेती तथा थोपा सिचाईको माध्यमबाट गरेको खेतीका कारण पानीको कम प्रयोगबाट धेरै आम्दानी लिन सक्ने उदाहरण प्रस्तुत गरेकी छिन् । तरकारी खेतीको लागि हाते ट्याक्टर, टनेल, तरकारी गोड्ने मेसिन लगायत आधुनिक सिचाई प्रविधिको पनि प्रयोग गरिएको छ । व्यवसायिक तरकारी खेतीबाट उनले गरेको प्रगतिले तथा सामाजिक र आर्थिक परिवर्तनले गर्दा गाउँका अन्य महिलाहरु पनि यस तर्फ आकर्षित भएका छन् ।

आकासियो भाखा नाघेको कर्जा :
सजग हुन विज्ञको सुझाव

वेविनारका वक्ता डा. गोपाल दहित

कोरोना महामारी पछि लघुवित्तमा भाखा नाघेको कर्जाको दर डरलाग्दो तरिकाले बढेको प्रति विज्ञहरुले चिन्ता व्यक्त गरेका छन् । स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठले लघुवित्तमा भाखा नाघेको कर्जा डरलाग्दो अनुपातमा बढेकोले यसतर्फ समयमै सजग हुनु पर्ने वेला आएको बताएका छन् । अहिलेको खराब अवस्था सिर्जना हुनुमा को कोबाट कहाँ कहाँ कमजोरी भए सो को समिक्षा गरी अघि बढ्नु पर्ने बताएका छन् ।

लघुवित्त संस्थाहरुमा भाखा नाघ्ने समस्याको दिर्घकालिन हल खोज्न २०७७ साल फागुन १७ गते स्वावलम्बन विकास केन्द्रले लघुवित्तकर्मीहरु विच आयोजना गरेको भयावह हुदै गएको भाखा नाघेको कर्जा र समाधानका उपाय विषयक छलफल कार्यक्रममा बोल्दै श्रेष्ठले सो कुरा उल्लेख गरेका हुन । लघुवित्तका सिद्धान्त, मर्म, मुल्य र मान्यता विपरित चलेको कारण यो अवस्था आएको श्रेष्ठको भनाई थियो । "समस्या हामी मै छ । सबै भन्दा ठुलो समस्या कसैमा छ भने संस्थाका प्रमुख कार्यकारीहरुमा छ । अस्वस्थ प्रतिस्पर्धा गर्ने गराउने प्रमुख कार्यकारी अधिकृतहरु नै हुन् । यदि प्रमुख कार्यकारीहरुले चाहेको खण्डमा यो समस्या सहजै समाधान हुनेछ । प्रमुख कार्यकारीहरुले लघुवित्तको मर्म अनुरुप काम गर्नु पर्‍यो र आफ्नो कर्मचारीहरुलाई पनि सिकाउनु पर्‍यो । तर हामी लघुवित्तका सबै विधि, सिद्धान्त, उद्देश्य र मर्महरु विर्सेर अन्धाधुन्ध मुनाफाको लागि होडवाजी गरी लगानी गर्ने गरिरहेका छौँ । यो नै मुख्य समस्या हो ।" श्रेष्ठको धारणा थियो ।

छलफलको प्रारम्भमा मुख्य वक्ताको रुपमा रहेका यूनिक नेपाल लघुवित्त वित्तीय संस्थाका कार्यकारी निर्देशक डा. गोपाल दहितले भाका नाघेको कर्जाको वर्तमान अवस्था, यसले उत्पन्न गर्ने समस्या तथा भाखा नाघेको कर्जा दर रोक्ने उपायबारे प्रस्तुती गरेका थिए । डा. दहितले २०७४ साल असार मसान्त सम्म ० दशमलव ७७ प्रतिशत रहेको भाखा नाघेको कर्जाको दर डरलाग्दो रुपमा उकालो लागेर २०७७ असोज मसान्त सम्म १५ दशमलव ८४ प्रतिशत पुगेको तथ्य प्रस्तुत गरेका थिए । डा. दहितले यस अघि लघुवित्तको तीन दशक लामो अभ्यासमा भाखा नाघेको कर्जा बढीमा १ प्रतिशत सम्म रहेकोमा अहिलेको अवस्था निकै डरलाग्दो

वेविनारका सहजकर्ता मणि कुमार अर्ज्याल

रहेको उल्लेख गरे । "लकडाउनको कारणले मात्र कर्जा भाखा नाघेको होइन त्यस अघिनै १२ प्रतिशत पुगि सकेको थियो । भाखा नाघेको कर्जा बढनुमा अस्वस्थ प्रतिस्पर्धा, कर्जा विश्लेषण नगरी सदस्यहरुलाई ऋणको भार थोपार्ने प्रवृति, कर्मचारीहरु आफ्नो काम कर्तव्य र जिम्मेवारी प्रति गम्भीर नहुनु तथा सञ्चालकहरु लघुवित्तको मर्म र उद्देश्य विपरित नाफामुखी हुनु जस्ता कारणहरु रहेका छन् ।" डा. दहितको भनाई थियो । डा. दहितले लघुवित्त संस्थाहरुले भाखा नाघेको कर्जा र सदस्यहरुको विस्तृत विवरण संकलन गरी असुलीको रणनीति बनाउने, कर्मचारी परिचालन गर्ने र उनीहरुको कामलाई अनुगमन गर्ने, केन्द्रहरुको गुणस्तर सुधार गर्नु पर्ने, उद्यमशीलता विकास गरेर सदस्यहरुको व्यवसायको उत्पादकत्व बढाउने र युवा पुस्तालाई उद्यमशीलता तर्फ आकर्षित गर्न सके दिर्घकालिन रुपमा भाखा नाघेको कर्जाको समस्याबाट मुक्त हुन सकिने उपाय पनि सुझाए ।



छलफलमा सहभागीहरु

कुमार अर्ज्यालले भाखा नाघेको कर्जा नियन्त्रणको लागि रणनीति बनाएर अगाडी बढ्न आवश्यक रहेको बताए । "लघुवित्त एउटा सामाजिक व्यवसाय हो भन्ने बुझेर काम गरौँ, लघुवित्त सेवा प्रविधि मैत्री बनाऔँ,

(बाँकी पृष्ठ १३ मा)

लघुउद्यमशीलता विकासका लागि प्रमुख कार्यकारी अधिकृतको भूमिका महत्त्वपूर्ण



वेविनारका वक्ता डा. सुमित्रा मानन्धर गुरुङ्ग

लघुवित्त कार्यक्रम मार्फत लघुउद्यमशीलता प्रवर्द्धन तथा विकासको लागि प्रमुख कार्यकारी अधिकृतहरुले प्रेरणादायी भूमिका खेल्नु पर्ने विज्ञहरुले सुझाएका छन् । स्वावलम्बन विकास केन्द्रले तेस्रो अनलाईन संवाद श्रृंखलाको रुपमा २०७७ चैत्र २ गते आयोजना गरेको लघुउद्यमशीलता प्रवर्द्धन तथा विकास विषयक वेविनारका सहभागीहरुले यस्तो निष्कर्ष निकालेका हुन ।

सो अवसरमा बोल्दै स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठले लघुवित्त संस्थाहरुले सामाजिक उद्यमशीलता प्रवर्द्धकको नीति अवलम्बन गरी आफ्ना सबै सदस्यहरुलाई उद्यमी बनाउन आग्रह गरे । "हामीले विगतको गल्तीबाट पाठ सिक्नु जरुरी छ । अब हरेक लघुवित्त सदस्यलाई उद्यमी बनाउनु पर्छ र उनीहरुलाई गरिबीबाट मुक्त हुन सघाउनु पर्छ ।" श्रेष्ठको धारणा थियो । लघुवित्त संस्थाहरुले लघुवित्त कार्यक्रमको मर्म, सिद्धान्त, लक्ष र उद्देश्य अनुरुप काम गरे सफलता आफै हासिल हुने र यसका लागि प्रमुख कार्यकारी अधिकृत तथा सञ्चालकहरुको मुख्य भूमिका रहने हुदा उनीहरुलाई उदाहरणीय बन्न श्रेष्ठले आग्रह गरे ।

तेस्रो अनलाईन संवाद श्रृंखला अन्तरगत रहेको छलफलको विषय लघुउद्यमशीलता प्रवर्द्धन तथा विकासका प्रमुख वक्ता महिला सहयात्रा लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा.सुमित्रा मानन्धर गुरुङ्गले लघुवित्त क्षेत्रमा लघुउद्यमशीलता विकासको सम्भावना तथा लघुवित्तको पुँजी लाई स्थानीय कृषिजन्य उद्योग, व्यवसाय र उत्पादनहरुको प्रवर्द्धन र विकासमा परिचालन गर्न सकिने सम्भावना बारे कार्यपत्र प्रस्तुत गरेकी थिइन् ।

सो अवसरमा डा. सुमित्राले लघुवित्त संस्थाहरुले स्थानीय स्तरमा सहजै उपलब्ध सीप, प्रविधि तथा व्यवसायको पहिचान गरी प्रवर्द्धन गर्नु पर्ने र यसको आधारमा आफ्ना हरेक सदस्यलाई उद्यमी बन्न प्रेरित गर्नु पर्ने बताइन् । "लघुवित्तको अन्तिम लक्ष भनेको सदस्यहरुको आय आर्जन बढाउने हो । पुँजी संगै नयाँ किसिमका तालिमहरु मार्फत सदस्यहरुको सीप र क्षमता विकास गर्नु पनि जरुरी छ । महिला सहयात्राले यसरी गरेका काममा सकारात्मक परिणाम आएको छ ।" डा सुमित्राको भनाई थियो ।

सो अवसरमा डा. सुमित्राले लघुवित्त संस्थाहरुले उद्यमशीलता विकास तथा प्रवर्द्धनको लागि लघुवित्त सञ्चालक देखि सदस्यहरु सम्म विशेष प्रकारको अभिमुखिकरण कार्यक्रम चलाउनु पर्ने र हरेक लघुवित्त संस्थाले विज्ञ सहितको लघुउद्यमशीलता प्रवर्द्धन इकाई खडा गरी अगाडी बढ्नु पर्ने आवश्यकता रहेको बताइन् । प्रस्तुति माथि वेविनारमा उपस्थितहरुले प्रश्न तथा जिज्ञासा पनि राखेका थिए ।

कार्यक्रमका सहभागी नेपाल ग्रामिण विकास समाज केन्द्रका अध्यक्ष मणि कुमार अर्ज्यालले लघुवित्त संस्थाले उद्योग व्यवसायको विकास तथा विस्तारको लागि आफ्ना सदस्यहरुलाई पुँजी र उत्पादनको वजारीकरणमा पनि सघाउनु पर्ने विचार व्यक्त गरे ।

सोही अवसरमा ग्रामीण प्रविधि केन्द्र नेपालका वरिष्ठ सल्लाहकार गणेशराम श्रेष्ठले गरिब तथा विपन्नको जीवनस्तर माथि उकास्न उनीहरुलाई पुँजी र सीप दुबै सन्तुलित तरिकाले उपलब्ध गराएर अगाडी बढ्नु पर्ने धारणा राखे ।

लघुवित्त संस्थाहरु मार्फत लघुउद्यमशीलता विकास र प्रवर्द्धन गर्ने उद्देश्यले स्वावलम्बन विकास केन्द्रले यो वेविनारको आयोजना गरेको हो । यसमा सहभागीहरुले आफ्ना अनुभव तथा सिकाईको आदान प्रदान गर्नु साथै भविष्यमा थप योजना बनाउने अपेक्षा गरिएको छ । वेविनारमा नेपाल भरिका ५० जना भन्दा बढी लघुवित्तकर्मीहरुको सहभागिता रहेको थियो ।



वेविनारका सहभागीहरु

ई-पुस्तकालय स्थापनाका लागि
स्वावलम्बन विकास केन्द्रको सहयोग

स्वावलम्बन विकास केन्द्रले काठमाडौँ जिल्लाको, तारकेश्वर नगरपालिका वडा नं १ मा अवस्थित श्री कुञ्जिप्वाकल माध्यमिक विद्यालयलाई ई-पुस्तकालय सञ्चालन गर्न २०७७ साल पुष २५ गते शनिवार रोटरी क्लव वालाजुले सहयोग हस्तान्तरण सम्बन्धी आयोजना गरेको समारोह वीच केन्द्रका कार्यकारी प्रमुख बेचन गिरी तथा निर्देशक सतिश श्रेष्ठ सहितको टोलीले आवश्यक उपकरण सहितको एक थान डेस्कटप कम्प्यूटर हस्तान्तरण गरेको छ ।

सोही अवसरमा रोटरी क्लव वालाजुले पनि सो विद्यालयका विद्यार्थीहरुलाई मास्क तथा विभिन्न दाताहरुको सहयोगमा संङ्कलित शैक्षिक सामाग्रीहरु, कपी, पेन्सिल हस्तान्तरण गरेको छ ।

उक्त सहयोग हस्तान्तरण समारोहमा बोल्दै स्वावलम्बन विकास केन्द्रका कार्यकारी प्रमुख बेचन गिरीले शिक्षालाई प्रविधिमैत्रि बनाउनु पर्ने बर्तमान आवश्यकतालाई मध्यनजर गर्दै केन्द्रको तर्फबाट यो सहयोग गरिएको र यसले विद्यालयको ई-पुस्तकालय स्थापना गर्ने कार्यमा एउटा ईटा थप्ने धारणा राखे । यसै गरी केन्द्रले मुलुकमा लघुउद्यमशीलता विकास तथा प्रवर्द्धन गर्ने लक्षका साथ लघुवित्त कार्यक्रम सञ्चालन गर्ने आफ्ना सदस्य संस्थाहरु संगको सहकार्यमा विद्यालय स्तरबाटै व्यवसायिक सीपमुलक शिक्षा सञ्चालनमा काम गर्ने योजना बनाएको जानकारी दिए । यसले रोजगारीका लागि कलिलै उमेरमा विकसित हुने विदेश प्रतिको मोह घट्ने, स्वदेशमै दक्ष र सक्षम जनशक्ति उत्पादन हुने र विदेशी उत्पादनमा परनिर्भरता घटाउन सहयोग पुग्ने गिरीको धारणा थियो । यस्तै केन्द्रले जलवायु परिवर्तनका कारण देखा परेका संकटहरु न्यूनिकरणमा बल पुऱ्याउने उद्देश्यले वातावरण मैत्री गाऊँ (इको भिलेज) निर्माणको काम गरी रहेको पनि जानकारी गराएका थिए ।

सो अवसरमा रोटरी क्लव वालाजुका अध्यक्ष प्रेम ढुंगानाले ई-पुस्ताकालय निर्माण गर्ने विद्यालयको अभियान संग रोटरी क्लव वालाजु सहकार्य गर्दै आएको र सहयोग निरन्तर रहने जानकारी दिए ।

प्रधानाध्यापकलाई कम्प्यूटर हस्तान्तरण गर्दै केन्द्रका कार्यकारी प्रमुख बेचन गिरी

कुञ्जिप्वाकल माध्यमिक विद्यालयका प्रधानाध्यापक राजु नेपालले यहाँको समुदाय पुस्तौँ देखि गुणस्तरीय शिक्षाको पहुँच बाहिर रहेको र अवको पुस्तालाई गुणस्तरीय र समय सुहाउँदो शिक्षा प्रदान गर्न र विश्व वजारमै प्रतिस्पर्धी बनाउन विद्यालय लागि परेको बताए । ई-पुस्तकालय र श्रब्यदृश्य कक्षा सञ्चालन गर्ने योजना अनुसार हाल सम्म ४ वटा कम्प्यूटर जुटाउन सफल भएको र थप १० वटा आवश्यक रहेको जानकारी दिए ।

मुलुकको संघीय राजधानीमै भएको यो क्षेत्र आर्थिक रुपले विपन्न र सामाजिक रुपले पिछडीएको छ । करीव ८० प्रतिशत तामाङ समुदायको वसोवास रहेको यो क्षेत्रमा २-३ परिवार दलितहरु तथा वाँकी वाहुन क्षेत्रीको वसोवास छ । यहाँ शिक्षाको स्तर माथि उठ्न सकेको छैन् । अधिकांस अभिभावक संग शिक्षामा लगानी गर्नु पर्छ भन्ने चेतना र धन दुवैको अभाव छ । धेरै जसो स्थानीयहरु परम्परागत पेशामै निर्भर छन् । पछिल्लो समय नुवाकोट- काठमाडौ जोड्न पासाङ ल्हामु राजमार्ग निर्माण संगै अन्य भौतिक विकासले व्यापार, व्यवसायको अवसर जुराइ दिएको छ । अहिले यहाँ आन्तरिक पर्यटन फस्टाउँदो छ भने स्थानीयको उत्पादनले गतिलो वजार र मुल्य पाउन थालेको छ । पूर्वाधार निर्माण तथा भौतिक विकासको होड संगै प्राकृतिक स्रोत र साधानको संरक्षण सहितको दिगो विकास यद्यपि चुनौतिपूर्ण वन्दै गएको छ ।

कुञ्चिप्वाकल माध्यमिक विद्यालय यस भेगका करिब ४ सय घरपरिवारका बालबालिका पढ्ने विद्यालय हो । नजिकको अर्को विद्यालय यहाँबाट करिब डेढ घण्टाको दुरीमा छ । हाल यहाँ अध्ययनरत २०० विद्यार्थीहरु मध्ये अधिकांस गरिब तथा पिछडीएको परिवारका छन् । यो विद्यालयका कारण पछिल्लो समय हरेक घरको कम्तिमा एउटा सदस्यले विद्यालय शिक्षा पुरा गर्न सफल भएका छन् भने वालिकाहरुको शिक्षामा उल्लेख्य सुधार आएको छ । वि.सं. २०७२ सालको महाभूकम्पमा पूर्ण रुपले क्षतिग्रस्त भएको यो विद्यालयलाई करीव चार बर्ष जस्ताको टहराबाट पठनपाठन सञ्चालन गर्नु परेको थियो । हाल नेपाल सरकार पुनर्निर्माण कार्यक्रम अन्तर्गत बिद्यालय भवन वने पनि विद्यालयमा पर्याप्त शैक्षिक पूर्वाधार छैन् । पर्याप्त शैक्षिक पूर्वाधार जुटाउन सके यस क्षेत्रको शैक्षिक स्तर तथा सामाजिक विकासले फड्को मार्ने निश्चित छ ।

सहयोग हस्तान्तरण समारोहमा विद्यार्थीहरु

कोरोना महामारीले श्रृजना गरेको समस्या तथा तिनको समाधान सम्वन्धमा

नेपाली लघुवित्त संस्थाहरू संग ग्रामीण बैंक बंगलादेशको अनुभव साटा साट

वेविनारका वक्ता गोलाम मोर्सेद मोहम्मद

लघुवित्त क्षेत्रमा कोरोना महामारी (कोभिड-१९)ले निम्त्याएको समस्याको समाधान र सदस्यहरुको उद्यम तथा व्यवसाय पुनर्स्थापनाकोलागि लघुवित्त संस्थाहरुले कार्ययोजना बनाएर अगाडी बढ्नु पर्ने धारणा कार्यक्रमका अतिथि बक्ताहरुले राखेका छन् । कार्ययोजना बनाउँदा लघुवित्तका सदस्य तथा लक्षित बर्गको आर्थिक र सामाजिक पाटो समेटनु पर्ने धारणा स्वावलम्बन विकास केन्द्रले २०७७ माघ ७ गते आयोजना गरेको भर्चुअल गोष्ठिमा राखेका छन् ।

सो अन्तरकृयाका प्रमुख वक्ता ग्रामीण बैंक बंगलादेशका सहायक महाप्रबन्धक तथा अन्तर्राष्ट्रिय कार्यक्रम विभाग प्रमुख गोलाम मोर्सेद मोहम्मदले कोरोना महामारीमा ग्रामीण बैक बंगलादेशको अनुभव तथा कार्यनीति माथि प्रकाश पार्दै उनले महामारीका वेला र महामारी पछि पुनर्स्थापनाको चरणमा कसरी अगाडी बढ्न सकिन्छ भन्ने विषयमा प्रकाश पारे ।

उनले महामारीका वेला ग्रामीण बैंकका सदस्यहरुले आर्थिक र सामाजिक दुबै खालका समस्या भोग्नु परेको तथ्य उल्लेख गरे । सदस्यहरुको उद्यम तथा व्यवसायको उत्पादन र ब्यापार ठप्प हुँदा आम्दानी घटेको र त्यसले गर्दा विभिन्न खालका सामाजिक घटना/परिघटनाहरु उत्पन्न भएको धारणा राखेका थिए । यस्ता समस्या समाधानको लागि ग्रामीण बैंकले सदस्यहरु संग नियमित सञ्चार सम्पर्कमा बस्ने तथा उत्साह र हौसला प्रदान गर्ने, मनोपरामर्श प्रदान गर्ने, विभिन्न खाले राहत (आर्थिक तथा खाद्य सामाग्री) प्याकेज ल्याएको जानकारी गराए । उनले ग्रामीण बैंकले पुनर्स्थापना चरणको लागि पनि स्पष्ट नीति तथा कार्ययोजना बनाएको जानकारी गराए ।

यसै गरी कोरोना महामारीका कारण समाजमा सदस्यका छोराछोरीले विद्यालय छोड्ने दर बढ्ने, वालविवाहमा बृद्धि हुने, बेरोजगारी बढ्ने गरिबको संख्या बढ्ने, घरेलु हिंसा बढ्ने, खाद्य सुरक्षामा संकट आउने जस्ता सामाजिक समस्याहरु देखा पर्न सक्ने भएकोले यसको समाधानमा दिर्घकालिन रणनीति बनाएर पुनर्स्थापनाको रणनीति तयार गर्नुका साथै एक बर्षको कार्ययोजना बनाई लागु गर्न शुरुवात गरिसकेको बताए । साथै यस योजनाले गर्दा ६० प्रतिशतमा झरेको भुक्तानी दर ९६ प्रतिशतमा पुगी सकेको जानकारी दिए ।

अन्तर्कृया कार्यक्रमका सभापति स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकरमान श्रेष्ठले नेपालमा पनि अधिकांश लघुवित्तहरु ग्रामीण मोडलमा सञ्चालन रहेकोले ग्रामीण बैंक बंगलादेशले कोरोना महामारीको वेला गरेका कामहरु अनुशरण योग्य रहेको धारणा राखे । "हरेक लघुवित्तले स्पष्ट कार्ययोजना बनाउनु पर्ने, निरन्तर आफ्ना सदस्यहरुको घर दैलो पुगेर उनीहरुका समस्या बुझेर समस्या समाधानको पहल कदमी लिनु जरुरी छ" श्रेष्ठको धारणा थियो । अहिले ग्रामीण बैंकले जस्तै ऋण असुलीमा दवाव नदिई सदस्यहरुलाई मनोबैज्ञानिक रुपमा उर्जा प्रदान गर्नु पर्ने वेला भएको श्रेष्ठको भनाइ थियो । श्रेष्ठले सबै लघुवित्त संस्थाको नेतृत्वलाई आफ्नो समस्याहरु के के हुन र तिनको दिर्घकालिन असर के हुन सक्छ भन्ने पहिचान गरी छलफलमा जुटेर समस्या समाधान गर्न सकिने र यसका लागि हरेकले एक बर्षको अनुभव प्रस्तुत गर्ने गरी अर्को अन्तरकृया आयोजना गर्न सुझाए ।

सो अवसरमा यूनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडका कार्यकारी निर्देशक डा गोपाल दहितले नेपालको लघुवित्तले अहिले मुख्य गरी असुली, पूँजी व्यवस्थापन र नियमित केन्द्र बैठक आयोजना गर्न समस्या भोगिरहेको र यसकोलागि धेरै मेहनत गरिरहेको धारणा राखे । उनले यस्ता समस्या समाधानको लागि ग्रामीण बैंकको अनुभव, व्यापक, महत्वपूर्ण, मार्गनिर्देशक तथा अनुशरण योग्य रहेको बताए । साथै डा. दहितले आगामी दिनमा यस्तो वेविनार नियमित रुपमा गर्नु पर्ने सुझाव दिए ।

वेविनारको उद्देश्य माथि प्रकाश पार्दै स्वावलम्बन विकास केन्द्रका कार्यकारी प्रमुख बेचन गिरीले बंगलादेशको ग्रामीण बैंकले कोरोना महामारीका कारण उत्पन्न समस्या कम गर्न उत्कृष्ट काम गरेको र त्यहाँका अनुभव नेपालमा पनि अनुशरण गर्न सकिने देखिएकोले केन्द्रले यस्तो वेविनारको आयोजना गरेको जानकारी दिए । अन्तरकृयाको सञ्चालन तथा सहजीकरण स्वावलम्वन विकास केन्द्रका निर्देशक सतिस श्रेष्ठले गरेका थिए । वेविनारमा नेपालका ३० वटा लघुवित्त वित्तीय संस्थाका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत तथा महाप्रबन्धकहरु सहभागी थिए । प्रस्तुती माथि बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत विशाल के.सी., मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडका अध्यक्ष पद्मासना शाक्य, पायनीयर वहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष भीम बहादुर भण्डारी, जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत संजय कुमार मण्डल, महिला सहयोगी वचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष निर्मला आचार्य, मुक्तिनाथ विकास बैंकका नायव प्रमुख कार्यकारी अधिकृत गोविन्द बहादुर राउत लगायतले जिज्ञासा राखेका थिए ।

वेविनारमा सहभागीहरु

सहाराको सहाराले सकिला मुर्मुलाई करोडपति बनायो

सकिला मुर्मु

अर्जुनधारा नगरपालिका ६, झापाकी सकिला मुर्मु ५६ बर्ष पुगीन् । गरिब परिवारमा जन्मेकी मुर्मुको विगत निकै दुःखदायी र संघर्षपूर्ण रह्यो । जति नै संघर्ष गरे पनि आवश्यकता पूरा हुन कठिन थियो । विगत सधै जसो अभावमै बिताउनु पर्‍यो । १९ बर्ष अघि लघुवित्तबाट ऋण लिए पछि उनको जीवन फेरिएको छ ।

सकिला मुर्मुको जन्म भारत बतासेको निम्न वर्गीय मुस्लिम परिवारमा भएको थियो । सकिलाको परिवार उनी ३ बर्षको हुँदा झापा जिल्लाको तत्कालिन शनिश्चरे ८, सेतिपानीमा आएर वसे । उनको माईती संग जग्गा जमीन थिएन । जीवन धान्ने आधार मजदुरी र अरुको अधियाँ खेती थियो ।

१८ बर्षको उमेरमा २०३९ सालमा सकिलाले अर्जुन धारा ८ का मन्सि मुर्मु संग अन्तरजातिय विहे गरिन् । उनले विहे गरेर गएको घर पनि भूमिहिन थियो । ज्या मजदुरी र साहुकोमा काम गर्दै परिवार पाल्नु पर्थ्यो । सकिलाले करीव २० बर्ष यस्तै अभाव संग जुधेर ३ छोरी र १ छोरा हुर्काइन् । "अरुको खेत कमाएर पेट भर्नु पर्थ्यो, ज्याला मजदुरी गरेर आएको २, ४ पैसाले जेनतेन चल्नु पर्थ्यो । उ वेला श्रीमानको १० रुपैयाँ ज्याला हुन्थ्यो, त्यसमाथि श्रीमान रक्सीको अम्मली । दिन भरी काम गर्दा मेरो ज्याला त अझ २ रुपैयाँ पचास पैसा मात्र आउँथ्यो । छोरा छोरी हुर्कदै थिए । ३ छोरी एक छोरा कसरी हुर्के अहिले सम्झँदा आफैलाई अनौठो लाग्छ ।" मुर्मुले विगतको अप्ठ्यारो समय सम्झिँदै भनिन् ।

उनका छोरा छोरी हुर्कदै थिए । आवश्यकता बढ्दै थिए । परिवारको आर्थिक अवस्था झन् झन् कठिन हुदै थियो । यहि विच २०५९ सालमा सहारा नेपाल वचत तथा ऋण सहकारी संस्थाका कर्मचारी आएर सदस्य बन्न सल्लाह दिए । लघुवित्तबाट ऋण लिएर व्यवसाय शुरु गर्न भने । अन्यौलकै विच सकिला मुर्मु सहारा नेपालको कार्यालय चारपाने पुगिन् । ८ दिन समूह प्रवेश तालिम लिईन् । तालिमबाट केहि प्रष्ट भए पछि सकिलाकी जेठी छोरी र उनले ५-५ हजार रुपैयाँ ऋण लिए । रु ५ हजारमा एउटा पाडी किने भने वाँकी ५ हजार रुपैयाँले १ सय भाडा तिर्ने गरी घुम्ति भाडामा लिएर किराना पसल शुरु गरे । "शुरुमा त ऋण कसरी तिरौँला भनेर डर लागेको थियो । यो भन्दा अघि कसैले ऋण पत्याएको थिएन । तर सहाराको सरले ढुक्क हुनुस् विस्तारै तिर्ने हो भन्नु भयो, थोरै आँट आयो । उ वेला हामी ४८ जना समूहमा बसेका थियौँ, सबैले लिने भएकोले मैले पनि ऋण लिने आँट गरेको हुँ ।" सकिलाले सहाराबाट पहिलो पटक ऋण लिदाको अनुभव सुनाईन ।

पहिलो पटक लिएको ऋण र त्यसबाट भएको आम्दानीले सहजै किस्ता तिरेर घर खर्च चलाउन सके पछि उनको आत्मविश्वास बढ्यो र दोस्रो पटक पनि आमा छोरी मिलेर रु १०-१० हजार ऋण लिए । दोस्रो पटकको ऋणबाट उनले ३ वटा माउ वाखा किनिन् र बचेको पैसाले पसलमा सामान थपिन् । तेस्रो पटक २०६१ सालको ऋण रु ३० हजारले पसल विस्तार गरिन् । चौथो बर्षमा प्रवेश गर्दा घुम्तिले घर खर्च टर्न थाल्यो । पहिलो किस्ताबाट किनेको भैसी २५ हजार रुपैयाँमा बिक्री भयो । वाखा बेचेर पनि गतिलै आम्दानी हुन थाल्यो । किस्ता तिरेर घर खर्च धानेर राम्रै बचत हुन थाल्यो । यस पछि उनले घुम्तिबाट किराना पसल विस्तार गर्नुका साथै गाई पनि थपिन् र दुध वेच्न शुरु गरिन् । श्रीमान र छोरीले पसल हेर्थे उनले हाट वजारहरुमा चप, भक्का, पापड लगायतका सामान पनि वेच्न थालिन् ।

आम्दानीको स्रोतहरु बढाउँदै व्यवसायिक सफलता पाइरहेको वेला सकिला मुर्मुका एक मात्र छोरा पोलियो विग्रेर थला परे । उनी छोराको उपचारको लागि १ बर्ष काठमाडौँ शिक्षण अस्पतालमा वसिन् । यहा उपचार सफल नभए पछि अर्को एक बर्ष धुलिखेल अस्पतालमा वसिन् । छोराको उपचारको क्रममा यो दुई बर्षमा उनले लाखौँ रुपैँया खर्च गरिन्, आफ्नो समय पनि दिईन् तर व्यवसाय छोडिनन् । छोरी र श्रीमानको सहयोगमा ऋण लिने, किस्ता तिर्ने अनि व्यवसाय बढाउँदै लग्ने क्रम निरन्तर चलि रह्यो । उपचारमा लाखौँ रुपैया खर्च हुँदा पनि उनले कसैसंग हात थाप्नु परेन् । बरु आफैले कमाएर जोडेको जग्गा वेचिन् र अन्ततः छोराको उपचार पनि सफल भयो । दुई वटा छोरीको राम्रो संग विहे भयो, २०७७ मंसिरमा श्रीमान विते । सहाराको सदस्य वने पछि यस्ता कुनै बेला पनि उनलाई आर्थिक अभाव भएन । "त्यस्तो दुःख पर्दा पनि मैले सहारा वाहेक अन्त कतैबाट ऋण लिइन् । कसै संग एक सुको माग्नु परेन । सहाराको सहयोग नभएको भए मैले त्यो दुख र जिम्वारीबाट पार पाउन सक्ने अवस्था थिएन । सहारा नेपाल भगवान भएर आयो मेरो लागि ।" उनले भनिन् ।

आफ्नो पसलमा सकिला मुर्मु

सकिला मुर्मुको व्यवसाय विस्तार गर्ने काम निरन्तर चलेको छ । पछिल्लो पटक उनले सहाराबाट रु ६ लाख ऋण लिएर गोदाममा चामल थपेकी छिन् । अचेल सकिला आफुलाई कुनै कुराको अभाव छ जस्तो लाग्दैन । उनको आर्थिक र सामाजिक अवस्थाले निकै फड्को मारेको छ । उनको किराना पसल, तरकारी तथा अन्न गोदामबाट दैनिक रु १० हजार देखि २५ हजार सम्मको व्यापार हुन्छ । पसलमा करीव १७ लाख रुपैयाको सामान छ । भर्खरै थप ७ लाख रुपैयाँ खर्चेर सटर थपेर पसल विस्तार गरेकी छिन् । वाखा र गाई बाटै घर खर्च चलेको छ । सकिलाले २ कठ्ठा जमिनमा ५कोठे पक्की घर ठड्याएकी छिन् । रु ५० लाख मुल्य पर्ने १० धुर घडेरी जोडेकी छिन् । परिवारका सबै सदस्य आफ्नो व्यवसाय प्रति निकै सन्तुष्ट छन् । छोरा छोरीले उनको संघर्षको कदर गर्छन र काममा सघाउँछन् । छोरा पूर्ण मुर्मु विदेश नजाने आमाले शुरु गरेको व्यवसायलाई नै निरन्तरता दिने योजनामा छन् । सकिलाको लागि सबै भन्दा खुशी र सन्तोषको कुरा हो यो ।

अहिले सकिला आफूले समाजमा सम्मानित भएको महशुस गरेकी छिन् । उनी अरु महिलाको लागि प्रेरणाको पात्र बन्न सफल भएकी छिन् । लघुवित्तले कसरी एउटा सामान्य र विपन्न व्यक्तिको जीवनमा खुशी ल्याउन सक्छ भन्ने उदाहरण वनेकी छिन् सकिला मुर्मु ।

आत्म प्रेरणाले स्वसक्षम बनाउँछ

कोरोना महामारी र यसबाट उत्पन्न परिस्थितिको कारण असहज र अनियमित वनेको दैनिकीलाई कृयाशील र उर्जाशील बनाउने उद्देश्यले स्वावलम्बन विकास केन्द्रले दुई दिने स्वप्रेरित (Self Motivation) तालिम २०७७ माघ ५ र ६ गते आयोजना गरेको छ । उक्त दुई दिने तालिममा १२ वटा लघुवित्त तथा सहकारी संस्थाका १७ जना शाखा प्रबन्धक, इलाका प्रबन्धक तथा विभागीय प्रबन्धकहरुले भाग लिए थिए ।

तालिमको सहजीकरण नेतृत्व विकास राष्ट्रिय संस्थान (नेशनल इन्स्टिच्यूट अफ लिडरसीप डेभलभमेन्ट) कि लाईफ कोच तथा मोटिभेटर उषा मल्ल सिंहले गरेकी थिइन । तालिमको पहिलो सत्रमा मल्लले मानिसलाई तनावले उसको विचार, भावना र व्यवहारमा कसरी असर गर्छ भन्ने सम्वन्धमा विस्तृत सैद्धान्तिक ज्ञानको साथै तनाव र यसको नकारात्मक असर कम गर्न शारीरिक शुद्धिकरणका लागि ध्यान गर्ने प्रभावकारी विधिबारे अभ्यास गराएकी थिइन । यसै गरी दोस्रो दिनको सत्र पारस्परिक सम्वन्धहरु कसरी विस्तार एवं स्थापित गर्ने, यसबाट हुने फाइदा र यसको सदुपयोग कसरी गर्ने भन्ने विषयमा केन्द्रित थियो । यो संगै तालिममा मल्लको समग्र प्रस्तुति सहभागीहरुलाई कोरोना महामारी जस्तो असहज अवस्थामा हार नमानि थप उर्जाका साथ अगाडी बढ्न उत्प्रेरणा जगाउनमा केन्द्रित थियो ।



तालिममा सहभागीहरु

तालिमको समापन अवसरमा सहभागीहरुले यो तालिम कार्यालय वा व्यवसायिक जीवनको लागि मात्र नभई व्यक्तिगत जीवनको लागि पनि निकै उपलब्धिमुलक भएको धराणा राखे । तालिममा सिकेको सीपले लघुवित्त संगै अन्य क्षेत्रमा पनि फाइदा पुऱ्याउने सहभागी बक्ताहरुको धारणा थियो । सो अवसरमा यूनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर वाँकेका शाखा प्रमुख तुलाराम चौधरीले तालिम निकै फलदायी भएको र यो महत्वपूर्ण अवसरको लागि स्वावलम्बन विकास केन्द्रलाई धन्यवाद दिए ।

तालिमका सहभागीहरुलाई स्वागत गर्दै स्वावलम्बन विकास केन्द्रका निर्देशक सतिश श्रेष्ठले कोरोना महामारीको निराशाजनक वर्तमान अवस्थामा उत्प्रेरणामुलक ज्ञान तथा सीप जरुरी भएको र यसै परिस्थितिलाई ध्यानमा राखेर तालिम र तालिमको विषयवस्तु तयार पारिएको जानकारी दिए ।

केन्द्रका कार्यकारी प्रमुख बेचन गिरीले तालिममा सिकेको ज्ञान र सीप जीवनको हरेक पाईलामा उपयोगी हुने र यो सिकाई आफ्ना सहकर्मीहरु माझ पनि प्रवाह गर्नुपर्ने धारणा राखे ।

यस भर्चुअल तालिमको संयोजन केन्द्रका तालिम अधिकृत रेणु प्रजापती तथा सहायक द्वय श्रद्धा जोशी र टसि ल्हमु शेर्पाले गरेका थिए ।

(पृष्ठ ६ बाट ...)

स्वावलम्बन विकास केन्द्रको २५औँ ...

पिछडिएका महिला वर्गको सामाजिक र आर्थिक अवस्था उकास्न विभिन्न परियोजना तथा कार्यक्रमहरु संचालन गरेको छ । विक्रम संवत २०४८ साल पुष १७ गते नेपालकै विकट क्षेत्र कर्णालीको जुम्ला जिल्लाबाट सामुदायिक स्वावलम्बन विकास परियोजना संचालन गरेर कामको शुरुवात गरेको केन्द्रले २०४९ सालमा पूर्वी तराईका सिरहा, सप्तरी र उदयपुरमा स्वावलम्बन बैकीङ कार्यक्रम शुरुवात गरेको थियो । गरिब र विपन्न महिलाहरुमा वित्तीय पहुँच पुऱ्याउने लक्षका साथ परीक्षणको रुपमा शुरु गरिएको यो कार्यक्रमको सफलता पछि स्वावलम्बन लघुवित्त कार्यक्रम मुलुकभर विस्तार भएको हो । विक्रम संवत २०५१ सालमा शुरु भएको स्वावलम्बन लघुवित्त कार्यक्रम स्वावलम्बन लघुवित्त विकास बैंक (हाल स्वावलम्बन लघुवित्त वितीय संस्था लि.) मा रुपान्तरण भई हाल देशभरी विस्तार भएको छ । स्वावलम्बन विकास केन्द्र विपन्न वर्ग माँझ लघुवित्त कार्यक्रम संचालन गर्न नेपाल राष्ट्र बैकबाट स्विकृती प्राप्त गर्ने पहिलो संस्था हो ।

हाल लघुवित्त सेवाग्राही सदस्यहरुको चेतना, क्षमता, वित्तीय साक्षरता, उद्यमशीलता, विकास गर्नको लागि राष्ट्रिय तथा क्षेत्रिय स्तरमा सभा, सम्मेलनको पनि आयोजना गर्ने गरेको छ । **'स्वच्छ लघुवित्त हाम्रो अभियान'** भन्ने मुल नाराका साथ अगाडी बढेको स्वावलम्बन विकास केन्द्रले लघुवित्त कार्यक्रम संचालन गरी रहेका संस्थाहरुलाई सदस्यता प्रदान गरी उनीहरुको क्षमता विकास गर्दै आफ्नो संजालमा व्यापकता दिदै आएको छ ।

लघुउद्यमशीलता विकास सम्बन्धी

अन्तरकृया कार्यक्रम सम्पन्न

लघुवित्त कार्यक्रम मार्फत लघुउद्यशीलता विकास, प्रवर्द्धन तथा विस्तार गर्ने उद्देश्यले स्वावलम्बन विकास केन्द्रले देशभरीको आफ्ना लघुवित्त सदस्य संस्थाहरु संग अन्तरकृया गर्दै आएको छ। यसै सन्दर्भमा २०७७ फागुन ७ गते बाँकेको कोहलपुरमा क्षेत्रिय स्तरको अन्तरकृया सम्पन्न भएको छ।

उक्त अन्तरकृयामा लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदुर-पश्चिम प्रदेशमा रहेका ८ वटा सदस्य संस्थाका १७ जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

केन्द्रले लघुउद्यमशीलता विकासको लागि क्षेत्रिय रुपमा आयोजना गरेको अन्तरकृयाको यो चौथो श्रृङ्खला हो।

यस अघि बाँकेको कोहलपुरमा २०७५ माघ २६ गते, २०७६ भदौमा कैलाली जिल्लाको चिसापानीमा तथा २०७६ फागुनमा दाङ्ग जिल्लाको घोराहीमा गरी तीन वटा अन्तरकृया सम्पन्न भएका थिए।

यस अन्तरकृया पहिलो सत्रमा सहभागीहरुले २०७६ फागुनमा दाङ्गको घोराहीमा सम्पन्न अन्तरकृयामा उद्यमशीलता विकास बारे तय भएका मार्गचित्रको समिक्षा तथा सो को आधारमा आ-आफ्नो संस्थामा भएको प्रगति विवरण प्रस्तुत गरेका थिए।

अन्तरकृयामा सहभागीहरु

यस्तै सो अन्तरकृयाको दोस्रो चरणमा बर्तमान परिवेशमा लघुवित्त कार्यक्रम मार्फत उद्यमशीलता विकास कसरी गर्न सकिन्छ भन्ने बारे गहन छलफल हुनुका साथै आगामी दिनमा यस विषयमा कसरी आगाडि बढ्ने भन्ने बारे पनि छलफल हुनुको साथै अनुभवको आदान प्रदान भएको छ।

अन्तरकृयामा हरेक लघुवित्त संस्थाले कम्तिमा एउटा ग्रामिण भेगको गाउँलाई पर्यावरणमैत्री गाउँको रुपमा विकास गर्ने बारे पनि छलफल तथा सहमति भएको छ। साथै बालबालिकाहरुलाई विद्यालय तह देखिनै उद्यमशीलता तर्फ आकर्षित गर्ने उद्देश्यले आफ्नो कार्य क्षेत्रको विद्यालय संग सहकार्य गरी उद्यमशीलता विकासमा काम गर्ने तथा उद्यममा नयाँ पुस्तालाई जोड्ने उद्देश्यले सदस्यहरुका छोराछोरीलाई उद्यमी बनाउने बारे पनि छलफल भएको थियो।

सोही अवसरमा अर्को अन्तकृया ६ महिना पछि सुर्खेतमा आयोजना गर्ने पनि तय भएको छ।

(पृष्ठ ७ बाट ...)

आकासियो भाखा ...

उद्यमशीलतामा जोड दिऔं र नेतृत्वमा बस्नेहरु लघुवित्तको मर्म अनुसार अगाडी बढौं।" अर्ज्यालले भने। सहजीकरण अवधिमा अर्ज्यालले भाखा नाघेका कारण लघुवित्त संस्थाहरुले भोगेका समस्या सम्बन्धमा विभिन्न दृष्टान्तहरु समेत उल्लेख गरेका थिए।

प्रस्तुती पछिको खुला छलफलमा बोल्दै ग्रामीण प्रविधि केन्द्र नेपालका कार्यकारी निर्देशक डा. पुरुषोत्तम श्रेष्ठले प्रविधि मैत्री भएर अगाडी बढ्दा महमारीको वेला पनि असुली दर बढाउन सकिने सुझाव दिए।

स्वावलम्बन विकास केन्द्रका पूर्व कार्यकारी प्रमुख तथा व्यक्तिगत सदस्य शंकर नाथ कपालीले कोरोना महामारीले मात्र नभई संस्थाहरु विचको अस्वस्थ प्रतिस्पर्धा पनि भाखा नाघेको कर्जा बढ्नुको मुख्य कारण रहेको बताए। "फिल्डको कर्मचारीलाई दोष दिने भन्दा व्यवस्थापनबाट समाधान खोज्नु जरुरी छ। समस्या बहुकर्जाको हो, जो कोरोना महामारी अगाडी पनि थियो। अब प्रत्येक लघुवित्त संस्थाले इमान्दार भएर सदस्य विश्लेषण गर्नु जरुरी छ।" कपालीको भनाई थियो।

छलफलमा महिला सहयोगी लघुवित्त वित्तीय संस्थाका शाखा प्रबन्धक खडानन्द आचार्यले बहुकर्जाको अन्त्य गर्न हरेक लघुवित्तको नेतृत्वले पहल गर्नु पर्ने बताए। "एउटा लघुवित्त संस्थाको शाखा छ भन्ने थाहा हुदा हुदै नजिकै अर्कोले शाखा खोल्छ र त्यो शाखाको कर्मचारीलाई बर्षमा यति सदस्य बनाउनु पर्छ भनेर लक्ष्य दिइन्छ। यसको परिणाम के हुन्छ भन्ने केन्द्रले नबुझे सम्म समस्या हल हुनेवाला छैन।" आचार्यले थपे।

छलफलमा ३५ वटा लघुवित्त संस्थाका अध्यक्ष, कार्यकारी प्रमुख, वरिष्ठ प्रबन्धक तथा शाखा प्रबन्धक लगायत ६३ जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

कोरोना महामारी पछि लघुवित्त संस्थाहरुमा भाखा नाघेको कर्जाको दर चिन्ताजनक अवस्थामा बढेको समस्यालाई मध्यनजर गर्दै भाखा नाघेको कर्जाको समग्र अवस्था विश्लेषण गरी यसबारे लघुवित्तकर्मीहरुलाई सजग गराउने उद्देश्यका साथ केन्द्रले चौथो संस्करणको छलफलमा सो विषयलाई उठान गरेको हो। केन्द्रले हरेक १५ दिनमा लघुवित्तका जल्दावल्दा विषयमा यस्तै छलफल गर्दै आएको छ।

वातावरण मैत्री स्वावलम्बन

नमुना गाउँ विकास अभियानको शुरुवात

स्वावलम्बन विकास केन्द्र र ग्रामीण प्रविधि केन्द्रले वातावरण मैत्री स्वावलम्बन नमुना गाउँ विकास अवधारणालाई अभियानको रुपमा लग्ने भएका छन् । यसै सन्दर्भमा २०७७ फाल्गुण १८ गते अनलाईन वेविनारको आयोजना गरी लघुवित्त तथा सहकारी संस्थाहरुले वातावरण मैत्री स्वावलम्बन नमुना गाउँ विकास अवधारणालाई अभियानको रुपमा कसरी अगाडी बढाउन सक्छन भन्ने विषयमा छलफलको आयोजना गरेको थियो ।

छलफलका क्रममा ग्रामीण प्रविधि केन्द्रका पूर्व कार्यकारी निर्देशक एवं वर्तमान वरिष्ठ सल्लाहकार गणेशराम श्रेष्ठले वातावरण मैत्री स्वावलम्बन नमुना गाउँ विकास अवधारणा बारे ग्रामीण प्रविधि केन्द्रको अनुभव सहित आफ्नो प्रस्तुति राखेका थिए । प्रस्तुतिका क्रममा श्रेष्ठले वातावरण मैत्री स्वावलम्बन नमुना गाउँ के हो ? यसले वातावरणीय, सामाजिक तथा आर्थिक पक्षहरुमा के कसरी प्रभाव पार्न सक्छ ? स्थानीयको जीवनस्तर उकास्न कसरी सहयोग पुग्छ ? वातावरण मैत्री स्वावलम्बन नमुना गाउँ विकासका लागि चरणवद्ध रुपमा कसरी कार्य सञ्चालन गर्ने ? यस क्रममा वातावरण मैत्री प्रविधिको प्रयोग, कार्यान्वयन योजना तथा पद्धति कस्तो हुने ? बारे स्पस्ट पारेका थिए । यस्तै स्थानीयले वातावरण मैत्री स्वावलम्बन नमुना गाउँ चाहेको खण्डमा स्थानीय संघ संस्थाहरु संग यस बारे छलफल गर्न सकिने र फिल्ड भिजिट गरेर अनुभवको आदान प्रदान गर्न सकिने धारणा राखे । यसको लागि स्थानीय स्तरमा काम गर्ने लघुवित्त संस्था तथा स्थानीयहरुको चासो भए आफु संग भएको ज्ञान तथा प्रविधिको सहजीकरण गर्न पनि ग्रामीण प्रविधि केन्द्र तयार रहेको बताए ।

उक्त अवसरमा आफ्नो धारणा राख्दै स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठले हाल वातावरण र पर्यावरणमा भैरहेको ह्रासलाई दृष्टिगत गर्दा वातावरणमैत्री स्वावलम्बन नमुना गाउँ विकास कार्यक्रम बर्तमान अवस्थामा निकै सान्दर्भिक र अपरिहार्य भएकोले यसलाई अभियानको रुपमा लग्नु पर्ने धारणा राखे । "वातावरण मैत्री स्वावलम्बन नमुना गाउँ भनेको

छलफलमा सहभागीहरु

उपलब्ध प्राकृतिक स्रोतको संरक्षण संगै दिगोरुपमा प्रयोग गरी जीवन सहज बनाउने अवधारणा हो । प्रकृति संग संगै बाँच्नु (Living with Nature) अर्थात प्राकृतिक स्रोतको अधिकतम संरक्षण र प्रकृति माथि क्षति नपुग्ने गरी उपयोग गरी सामाजिक, आर्थिक प्रगति हासिल गर्नु नै अवको आवश्यकता हो" श्रेठको धारणा थियो ।

अब हरेक लघुवित्तका अध्यक्ष तथा कार्यकारी प्रमुखहरु आफैले आफ्नो कार्य क्षेत्रको कम्तिमा एउटा विकासमा पछि परेको शहर भन्दा टाढाको गाँउलाई छनोट गरी "सपनाको गाउँ"को रुपमा वातावरण मैत्री स्वावलम्बन नमुना गाउँ विकास गर्न सुझाव दिए । वातावरण मैत्री स्वावलम्बन नमुना गाउँ छनौट गर्दा कम्तिमा ५० देखि १०० परिवार रहेको विपन्न समुदायको वसोवास रहेको गाउँलाई छनौट गर्नु राम्रो हुने श्रेष्ठको धारणा थियो । लघुवित्त संस्थाहरुले एक बर्षमा कम्तिमा पनि यस्ता ५० वटा गाउँहरु विकास गर्न सक्ने श्रेष्ठको भनाई थियो । यसै गरी लघुवित्त संस्थाहरुले विद्यार्थीहरुलाई पढाई संगै व्यवसायमा आवद्ध गराउन आफ्नो क्षेत्रको विद्यालय संग समन्वय गरी वातावरण मैत्री एवं व्यवसायमुखी शिक्षा प्रवर्द्धन गर्नु पर्ने र यसले रोजगारीकोलागि विदेश नगई स्वदेशमै केही गरौं भन्ने सोचको विकास गर्ने र उनीहरुलाई आत्मनिर्भर बनाउन सघाउने विचार राखे ।

वातावरण मैत्री स्वावलम्बन नमुना गाउँ विकास अवधारणाको ढाँचा माथि स्पष्ट पार्दै श्रेष्ठले भने "हरेक गाउँको आफ्नै विशेषता हुन्छ, भूगोल तथा प्राकृतिक स्रोतको हिसावले पनि विविधता हुन्छ । त्यसैले कस्तो खालको उपाय वा प्रविधिको प्रयोग गरी त्यो गाउँलाई वातावरण मैत्री स्वावलम्बन नमुना गाउँ बनाउन सकिन्छ भन्ने कुरा बुझ्न त्यहाँको, आर्थिक, सामाजिक, भौगोलिक तथा उपलब्ध प्राकृतिक स्रोतहरुको विस्तृत अध्ययन तथा नक्सांङ्कन हुनु आवश्यक हुन्छ । त्यसैको आधारमा स्थानीयहरुलाई वातावरण मैत्री स्वावलम्बन नमुना गाउँ बारे जानकारी गराएर स्थानीय स्तरमै उपलब्ध स्रोतको वलमा स्थानीय अगुवाहरुकै नेतृत्व रहने र स्वावलम्बन विकास केन्द्र तथा ग्रामीण प्रविधि केन्द्रले सहजीकरण गर्ने अवधारणा अनुरुप काम गर्नु पर्छ । अनि यसरी छनौट भएको गाउँ बढीमा ३ बर्ष भित्र गरिबी मुक्त हुनु पर्छ ।"

यसै गरी स्वावलम्बन विकास केन्द्रका संस्थापक सदस्य एबं ग्रामीण प्रविधि केन्द्रका वरिष्ठ सल्लाहकार लुमिन कुमार श्रेष्ठले हाल नेपालका गाउँहरु युवा रहित र उजाड वन्दै गएकोले ग्रामीण भेगका स्कुले बालबालिकाहरुलाई कृषि उद्यममा जोडेर उनीहरुलाई गाउँमै बस्ने आधार तयार गरी गाउँहरु फेरी हराभरा बनाउनु आवश्यक रहेको धारणा राखे । स्कुले उमेर देखि नै

(बाँकी पृष्ठ १५ मा)

स्वसक्षमताका लागि

आत्म प्रेरणा तालिमको सकारात्मक प्रभाव

कोरोना महामारी र यसबाट उत्पन्न परिस्थितिको कारण असहज र अनियमित वनेको दैनिकीलाई कृयाशील एवं उर्जाशील बनाउने उद्देश्यले स्वावलम्बन विकास केन्द्रले २०७७ माघ ५ र ६ गते आयोजना गरेको **स्व-सक्षमताका लागि आत्मप्रेरणा** अनलाइन तालिम प्रभावकारी भएको पाइएको छ । २०७७ चैत्र २२ गते उक्त तालिम बारे सम्पन्न समिक्षाले उक्त दुई दिने तालिमले लघुवित्त कर्मचारीहरुको व्यवहार परिवर्तनमा सकारात्मक प्रभाव पारेको देखिएको छ ।

अनलाईन समिक्षा कार्यक्रमका सहभागीहरुका अनुसार तालिम पछि सहकर्मीहरु संगको सम्वन्धमा सुधार आएको, संञ्चार सीपमा सुधार आएको, तनाव घटेको र कार्य क्षमता बढेर कर्मचारीको व्यक्तित्व विकासमा समेत सहयोग पुगेको जस्ता सकारात्मक प्रभावहरु देखिएका छन् । तालिममा सहभागी कर्मचारीहरुले सिकेको ज्ञानका कारण उनीहरुका सहकर्मीहरुमा पनि सकारात्मक परिवर्तन ल्याउन सकेको सहभागीले जनाएका छन् ।

तालिमका वेला सिकेको ज्ञान र सो को कार्यान्वयनको अवस्था बुझ्न र तालिमको प्रभावकारिता मुल्याङ्कन गर्ने उद्देश्यले



समिक्षा गोष्ठीमा सहभागीहरु

स्वावलम्बन विकास केन्द्रले समिक्षा आयोजना गरेको थियो ।

उक्त समिक्षा कार्यक्रमको समापनमा बोल्दै स्वावलम्बन विकास केन्द्रका कार्यकारी प्रमुख बेचन गिरीले व्यवहारमा परिवर्तन ल्याउन सक्नु भनेको निकै ठुलो कुरा भएको बताए । तनाव मुक्त हुँदा मात्र राम्रो शब्द बोल्न सक्ने र बोल्दा सहि शब्द चयन गर्नु र बोल्नु अघि एकपटक सोच्नु आवश्यक हुने गिरीको धारणा थियो । सहभागीहरुलाई गिरीले एक पटक आफ्नो कामको समिक्षा आफै गर्न पनि सुझाव दिएका छन् ।

सो अवसरमा केन्द्रका निर्देशक सतिस श्रेष्ठले व्यवसायिक प्रगतिको शुभेच्छा सहित सहभागीहरुलाई धन्यवाद दिनु भयो । १४ जना प्रशिक्षार्थीहरु सहभागी उक्त कार्यक्रममा नेरुडे लघुवित्त वित्तीय संस्था लि. की सम्झना लामा र उपकार लघुवित्त वित्तीय संस्था लि. का चित्र बहादुर श्रेष्ठ अवलोकनकर्ताको रुपमा सहभागी थिए ।

(पृष्ठ १४ बाट ...)

वातावरण मैत्री ...

विद्यार्थीलाई उद्यम संग जोडने विषय स्वावलम्बन विकास केन्द्रको २९औ साधारण सभाले पनि पारित गरेको स्मरण गराउदै श्रेष्ठले अब लघुवित्त वित्तीय संस्थाहरुले पनि यस्ता सेवामुलक काममा जोड दिएर समाज परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्नु पर्ने धारणा राखे ।

स्वावलम्बन विकास केन्द्रका प्रबन्ध समितिका कोषाध्यक्ष एवं मानुषी लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत शोभा वज्राचार्यले मानुषी लघुवित्त वित्तीय संस्थाले सिन्धुपाल्चोकको वाह्रविसे स्थित धार्पा गाउँलाई वातावरण मैत्री स्वावलम्बन नमुना गाउँ विकास गर्ने काम अगाडी बढी सकेको र यसमा सर्बेक्षणको काम सकेर प्राथमिकताको आधारमा सुधारिएको चुलो बनाउने, गड्यौंला मल बनाउने लगायत कृषि सम्बन्धी तालिमहरु शुरु भै सकेको जानकारी गराइन् ।

खुला छलफलको क्रममा सहभागीहरुले वातावरण मैत्री स्वावलम्बन नमुना गाउँ बारे अगाडी बढ्ने सन्दर्भमा छलफल तथा अनुभव साटा साट गरेका थिए ।

सो अवसरमा महिला सहयोगी वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष निर्मला आचार्यले वातावरण मैत्री स्वावलम्बन नमुना गाउँ विकासको अवधारणा लघुवित्त तथा सहकारी संस्थाहरुको लागि दिगो विकासमा योगदान दिने एक उपयोगी अवधारणा भएको बताउदै महिला सहयोगी वचत तथा ऋण सहकारी संस्था लि. ले चन्द्रागिरी नगरपालिकाको मसिने गाउँलाई वातावरण मैत्री स्वावलम्बन नमुना गाउँ बनाउन लागेको जानकारी गराइन् ।

छलफलको क्रममा किसान बहुउद्देश्यीय सहकारी संस्थाका रण बहादुर साउदले किसान वहुउद्देश्यीय सहकारी संस्थाले पनि वातावरण मैत्री स्वावलम्बन नमुना गाउँ निर्माणका लागि गाउँ छनौट गरेर सर्वेक्षण कार्य सम्पन्न भएको र यसमा थप सुझाव र सल्लाहकोलागि सहयोगको अपेक्षा गरेको धारणा राखे ।

वेविनारमा विभिन्न लघुवित्त वित्तीय संस्था तथा लघुवित्त कार्यक्रममा संलग्न सहकारी संस्थाका ३२ जना पदाधिकारीहरु सहभागी भएका थिए ।

लघवित्तमा लघुउद्यमी ग्राहक सदस्यको
पहिचान तथा विकासको लागि तालिम

सहजकर्ता गोकुल प्याकुरेल

स्वावलम्बन विकास केन्द्रले लघुउद्यमी ग्राहक सदस्यको पहिचान तथा विकास गरी लघुवित्त कार्यक्रम मार्फत मुलुकमा उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यले **लघवित्तमा लघुउद्यमी ग्राहक सदस्यको पहिचान तथा विकास** विषयक ५ वटा तालिमहरु सम्पन्न गरेको छ ।

पहिलो तालिम २०७७ मंसिर ९ र १० गते, दोस्रो तालिम २०७७ पुष ५ र ६ गते, तेस्रो तालिम २०७७ पौष १२ र १३ गते, चौथो तालिम २०७७ माघ १८ र १९ गते र पाँचौं तालिम २०७७ चैत्र १ र २ गते आयोजना गरिएका हुन् । भर्चुयल माध्यमबाट आयोजन गरेको उक्त तालिमहरुबाट लघुवित्त तथा सहकारी संस्थाका १०२ जना शाखा प्रबन्धक तथा अधिकृतहरु दिक्षित भएका छन् । जसमध्ये पहिलो तालिममा लघुवित्त तथा सहकारी संस्थाका २५ जना, दोस्रो तालिममा २० जना, तेस्रोमा १६ जना, चौथोमा १७ जना र २०७७ चैत्र १ र २ गते आयोजना गरेको पाँचौ तालिममा १८ जना शाखा प्रबन्धक तथा फिल्ड अधिकृतहरुको सहभागिता रहेको थियो ।

पहिलो तालिमका सहभागीहरु

उक्त दुई दिने तालिमहरुको पाठ्य सामाग्री लघुवित्त तथा सहकारी संस्थाहरुका फिल्ड स्तरमा कार्यरत शाखा प्रबन्धक तथा कर्मचारीहरुलाई लक्षित गरी तयार गरिएको थियो । जसमा सहभागीहरुले उद्यमी ग्राहकको पहिचान, उपयुक्त व्यवसाय तथा उद्यमको छनौट, व्यवसायिक योजना तर्जुमा तथा विश्लेषण, व्यवसाय तथा सदस्यको उत्पादनको उच्चमुल्य श्रृखला तथा वजारीकरण लगायतका विषयहरु समेटिएका थिए । तालिममा नयाँ लघु-उद्यम विकास र प्रवर्द्धनको लागि ऋण लगानी विश्लेषण विधि तथा सदस्यको उद्यम व्यवसाय अनुगमन बारे पनि सिकाईएको थियो ।

तालिमको सहजीकरण लघुउद्यमशीलता विज्ञ तथा सहजकर्ता गोकुल प्याकुरेलले गरेका थिए । सिकाईलाई प्रभावकारी बनाउन लघुउद्यशीलता बारे सैद्धान्तिक ज्ञानको साथै प्रयोगात्मक अभ्यास, समुहगत छलफल तथा सहभागीहरुले काम गर्दा फिल्ड स्तरमा भोगेका अनुभव र ज्ञानको आदान प्रदान (अन्तरकृयात्मक शिक्षण) जस्ता विधिहरुको प्रयोग गरिएको थियो ।



दोस्रो तालिमका सहभागीहरु

पहिलो तालिमको समापन समारोहमा स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठले सहभागीहरुलाई तालिममा सिकेको ज्ञानलाई व्यवहारमा उतार्न सुझाव दिएका थिए । श्रेष्ठले लघुवित्त मार्फत गरिब, विपन्न तथा दिनहिनहरुको अवस्था माथि उकास्न शाखा प्रबन्धकहरुको मुख्य भूमिका हुने र त्यसको लागि तालिमले सहभागीहरुमा निखार ल्याएको विश्वास व्यक्त गरे । सहभागीहरुले हाल धुमिलिदै गएको लघुवित्तको छवि सुधार्न समेत महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेका छन् । ऋण दिने र व्याज असुली गर्ने मात्र नभई गरिब, विपन्न र दिनहिनहरुलाई प्राथमिकताका साथ स्वरोजगार र उद्यमी बनाउनु लघुवित्तको मुल मर्म भएकोले,

तेस्रो तालिमका सहभागीहरु

चौथो तालिमका सहभागीहरु

पाँचौ तालिमका सहभागीहरु

सदस्यहरुलाई कामदार होइन उद्यमी बनाउनु जरुरी रहेको र यसकोलागि शाखा प्रबन्धकहरुले थप मिहिनेत गर्न सुझाव दिए । गरिब र विपन्नहरुलाई जीवन निर्वाहका लागि मात्रै हो भने लघुवित्तको आवश्यकता नपर्ने र उनीहरुलाई लघुवित्तले निर्वाहमुखी अवस्थाबाट माथि उठाउने काम गर्नु पर्ने श्रेष्ठको धारणा थियो ।

केन्द्रका कार्यकारी प्रमुख बेचन गिरीले लघुउद्यशीलता विकासमा स्वावलम्बन विकास केन्द्रले लघुवित्त संस्थाहरुको ज्ञान र क्षमता बिकास गर्ने हेतुले तालिमको आयोजना गरेको जानकारी दिए । भविष्यमा पनि तालिममा सिकेको सीप कार्यान्वयनमा लैजान केन्द्रले सहभागीहरु संग नियमित सम्पर्क स्थापना गर्ने, सिकाई आदान प्रदान गर्ने र यस विषयमा केन्द्रले अनुगमन समेत गर्ने जानकारी गराउनु भयो ।

केन्द्रका निर्देशक तथा तालिम विभाग प्रमुख सतिश श्रेष्ठले एउटा गरिबलाई असल सदस्यको रुपमा पहिचान गरी उसलाई सफल उद्यमी बनाउन सक्षम लघुवित्तकर्मी जन्माउने लक्षका साथ तालिमको पाठ्यक्रम तयार पारिएको जानकारी दिए ।

प्रशिक्षक गोकुल प्याकुरेलले स्वावलम्बन विकास केन्द्रले आयोजना गरेको तालिममा छनोट गरेर यहाँहरुको संस्थाले महत्वपूर्ण अवसर प्रदान गरेको र यसलाई सार्थक बनाउन फिल्ड स्तरमा तालिमको मर्म अनुसार काम गर्नु पर्ने धारणा राखेका थिए ।

सहभागीहरुले तालिममा सिकेको सीप र ज्ञान निकै सान्दर्भिक रहेको र यसले फिल्ड स्तरमा लघुवित्तको मर्म अनुसार काम गर्न स्पष्ट मार्ग निर्देश गर्ने अनुभव सुनाएका थिए । साथै तालिम पछि फिल्ड स्तरमा कसरी योजनाबद्ध ढंगले काम गर्ने, व्यवसाय छनौट कसरी गर्ने, कर्जा विश्लेषण कसरी गर्ने, कर्जाको तथा व्यवसायको जोखिम कसरी घटाउने लगायत गरिब तथा विपन्न सदस्यहरुको पहिचान गरी उनीहरुलाई उद्यमी बनाउन तालिमले सहयोग गर्ने जनाएका थिए ।

प्रत्येक तालिमका सहभागीहरुले आ-आफ्नो शाखाको ६ महिने कार्य योजना तयार पारेका थिए । प्रत्येक तालिमका सहभागीहरुले तयार पारेको योजनाको एक महिना पछि समिक्षा गर्ने गरी सम्पन्न भएका थिए ।

दुई दिने नेतृत्व विकास तथा तनाव व्यवस्थापन तालिम सम्पन्न

स्वावलम्बन विकास केन्द्रले २०७७ चैत्र ५ र ६ गते दुई दिने नेतृत्व विकास तथा तनाव व्यवस्थापन तालिम सम्पन्न गरेको छ । तालिमबाट लघुवित्त तथा सहकारी संस्थाहरुका १७ जना विभागीय प्रमुख तथा प्रबन्धकहरु दिक्षीत भएका छन् ।

लघुवित्त संस्थाहरुमा देखिएको नेतृत्व विकास क्षमताको चुनौति तथा कोरोना महामारीका कारण उत्पन्न असहज परिस्थितीलाई मध्यनजर गर्दै केन्द्रले यो तालिमको आयोजना गरेको हो ।

तालिमका सहभागीहरुलाई स्वागत गर्दै केन्द्रका कार्यकारी प्रमुख बेचन गिरीले लघुवित्तमा काम गर्न तनाव मुक्त हुनुका साथै असल नेतृत्व चाहिने भएकोले यो तालिम तनावका कारणहरु पत्ता लगाएर समाधानका उपाय खोज्न र नेतृत्वदायी क्षमता विकास गर्न उपलब्धिमुलक हुने धारणा राखे । गिरीले सहभागीहरुलाई प्रशिक्षक संग र एक अर्का विच बढी अन्तर्कृयात्मक भएर अवसरको सदुपयोग गर्न आग्रह गरे । सो अवसरमा केन्द्रका निर्देशक सतिस श्रेष्ठले पहिलो चरणको कोरोना महामारी पछि उत्पन्न तनावहरुको व्यवस्थापनमा तालिमको सान्दर्भिकता र विभिन्न परिस्थितिहरु संग जुध्न नेतृत्व विकास कसरी गर्ने भन्ने विषयहरुबारे प्रष्ट पारेका थिए ।

नेतृत्व विकास तालिमको झलक

तालिमको सहजीकरण व्यवस्थापन गुरु तथा विकास परामर्शदाता प्रकाश कुमार पोखरेलले गरेका थिए । पोखरेलले विषय वस्तुको गहन ज्ञान दिनुको साथै तालिमलाई सहभागितामुलक र अन्तर्कृयात्मक ढंगले प्रस्तुत गरेका थिए । पहिलो दिनको सत्रमा नेतृत्वमा हुनु पर्ने गुणहरु, प्रभावकारी नेतृत्व क्षमता, कर्मचारीहरुमा नेतृत्वका चुनौती र अवरोधहरु बारे छलफल गरिएको थियो । यसै गरी तालिमको दोस्रो दिन प्रभावकारी सञ्चार सीप, आन्तरिक र बाह्य तनावहरु, तनावको कारण र तनाव व्यवस्थापनका उपायहरु समेटिएका थिए ।

लघुवित्तमा लघु-उद्यमी ग्राहक पहिचान तथा विकास तालिमको समिक्षा सम्पन्न

स्वावलम्बन विकास केन्द्रले लघुवित्तमा लघुउद्यमी ग्राहकको पहिचान र विकास विषयमा आयोजना गरेका पाँचवटै तालिमका सहभागीहरुले बनाएका कार्य योजनामा पहिलो चरणको एक महिने समिक्षा गोष्ठि सम्पन्न गरेको छ । तालिमका वेला सहभागीहरुले सिकेको सीप र ज्ञानको आधारमा तयार पारेका ६ महिने कार्य योजनाको प्रगति बारे एक महिना पछि पहिलो र ६ महिना पछि दोस्रो समिक्षा गर्ने पद्धति अनुसार तालिमको पहिलो चरणका समिक्षा गोष्ठिहरु सम्पन्न भएका हुन् । सोही अनुसार पहिलो तालिमको समिक्षा २०७७ पौष ८ गते, दोस्रो तालिमको समिक्षा २०७७ माघ ८ गते, तेस्रो तालिमको समिक्षा २०७७ माघ १२ गते, चौथो तालिमको समिक्षा २०७७ फागुन २१ गते र पाँचौ तालिमको समिक्षा २०७८ बैशाख १३ गते सम्पन्न भएका थिए ।

समिक्षा गोष्ठिमा सहभागीहरुले तालिममा सिकेको ज्ञान र सीपको कार्यान्वयन गर्ने क्रममा आफ्नो कार्यक्षेत्रमा वटुलेको अनुभव र सिकाईहरु आदान प्रदान गर्नुका साथै लक्षहरु पुनरावलोकन गर्ने उद्देश्यले समिक्षा गोष्ठिहरु आयोजना गरिएका थिए ।

पहिलो समिक्षा गोष्ठिका सहभागीहरु

समिक्षा गोष्ठिमा सहभागीहरुले तालिम पछिको एक महिनामा आ-आफ्नो शाखामा उद्यमशीलता विकासको निम्ति तयार गरेको कार्य योजना र त्यसको समष्टिगत प्रगति विवरण प्रस्तुत गरेका थिए । साथै तालिम पछि उद्यमी सदस्यको पहिचान गर्न, दिगो हुने किसिमका व्यवसाय छनौट गर्न, सम्भावित उद्यमीहरु र व्यवसायको छनौट गर्न तथा वर्गीकरण गर्न, उद्यम/व्यवसाय र लगानीको विश्लेषण गर्न सहज भएको र यसले भविष्यमा ग्राहक सदस्यको व्यवसाय दिगो हुने र लगानीको जोखिम घटाउन सघाउ पुग्ने बताएका थिए । साथै केहि सहभागीहरुले तालिममा सिकेको ज्ञान फिल्ड स्तरका अन्य सहकर्मीहरुले पनि अनुशरण गरेकोले



दोस्रो समिक्षा गोष्ठिका सहभागीहरु

तेस्रो समिक्षा गोष्ठिका सहभागीहरु

लघु-उद्यमी ग्राहक पहिचान तथा विकासको अभियान अगाडी बढाउन आउँदा दिनमा थप बल पुग्ने धारणा राखेका थिए ।

सफलतापूर्वक तालिम सम्पन्न गरेका पाँच वटै तालिमका १०२ जना सहभागीहरुले आ-आफ्नो कार्ययोजना अनुसार ६ महिना भित्र समष्टिगत रुपमा दिगो किसिमका ५ हजार ५ सय ६९ जना सम्भावित उद्यमी बनाउने लक्ष प्रस्तुत गरेका थिए । जस मध्ये करिव ७० प्रतिशत साना तथा लघुउद्यमीहरु बनाउने लक्ष रहेको छ । यसै गरी उक्त लक्षलाई आधार मान्दा पहिलो महिनामा उत्साहजनक प्रगति भएको देखिएको छ ।

२०७७ फागुन २१मा सम्पन्न चौथो समिक्षाको सहजीकरण स्वावलम्बन विकास केन्द्रका निर्देशक सतिश श्रेष्ठले गरेका थिए भने अरु चार वटा समिक्षा गोष्ठिको सहजीकरण केन्द्रका कार्यकारी प्रमुख बेचन गिरीले गरेका थिए ।

समिक्षा बैठकलाई सहजीकरण गर्दै स्वावलम्बन विकास केन्द्रका निर्देशक सतिश श्रेष्ठले सदस्यहरुलाई व्यवसायिक योजना सहित अगाडी बढ्नु पर्ने भएकोले सदस्यहरुलाई ऋण दिएर मात्र नपुग्ने र उनीहरुको व्यवसायको वजार, सदस्यले उत्पादन गरेको वस्तु अनुसारको माग र मुल्य निर्धारण, प्याकेजीङ्ग, लेवलीङ्ग गरी ब्रान्ड बनाउन पनि लघुवित्तकर्मीले सघाउनु पर्ने धारणा राखेका थिए । यो संगै श्रेष्ठले पूँजीगत आम्दानी मात्र नभई उद्यमी सदस्यहरुले प्राप्त गरेको आत्मसम्मान तथा उद्यम गर्दा उसले आर्जन गरेको सीप तथा ज्ञानलाई पनि ध्यान दिनु पर्नेमा जोड दिएका थिए । श्रेष्ठले तालिममा सिकेका विधि र औजार कार्यान्वयन गर्ने गरी सबै सहभागीहरुले आ-आफनो शाखामा उद्यमशीलता विकासको निम्ती कार्य योजना तयार गरेको र उक्त कार्य योजनाको कार्यान्वयन गर्ने स्पस्ट लक्ष निर्धारण हुनु, जोखिम कम हुने किसिमको रहनु एवं सुक्ष्म छनौट तरिकाबाट लघुउद्यमशीलतामा केन्द्रित रहनु सहभागीले बनाएको कार्य योजनाको सवल पक्ष रहेको धारणा राखे ।

समिक्षा गोष्ठिलाई सहजीकरण गर्ने क्रममा स्वावलम्बन विकास केन्द्रका कार्यकारी प्रमुख बेचन गिरीले लघुवित्त कार्यक्रमको मुख्य उद्देश्य निमुखाहरुलाई दिर्घकालिन रुपमा सवल एवं सक्षम व्यवसायी बनाउने भएकोले स्थानीय स्तरमा उपलब्ध हुने स्रोत, साधन तथा स्थानीय हावापानी सुहाउँदो उद्यम/व्यवसायको छनौट गरी सदस्यहरुको सीप, ज्ञान र क्षमता अनुसारको व्यवसाय गर्न प्रेरित गर्ने र यसको लागि शाखा प्रबन्धकहरुले व्यवसायिक योजना बनाएर सो को उचित विश्लेषण गरी लगानी गर्नु पर्ने बताएका थिए । अवको युग उद्यमशीलताको युग भएकोले स्वावलम्बन विकास केन्द्रले पनि उद्यमशीलता विकासमा जोड दिन आफ्ना सदस्य संस्थाहरुलाई घच्घच्याइ रहेको र उत्कृष्ट लघुउद्यमी सदस्यहरु र उद्यमशीलता

चौथो समिक्षा गोष्ठिका सहभागीहरु

विकास तथा प्रवर्द्धनमा उत्कृष्ट काम गरेका संस्थाहरु छनौट गरी पुरस्कृत गर्ने गरेको जानकारी गराएका थिए। साथै गिरीले उद्यमशीलता विकासलाई एउटा अभियानकै रुपमा अगाडी बढाउन तालिममा सहभागी शखा प्रबन्धक र फिल्ड स्तरका कर्मचारीहरुको पनि धेरै ठूलो भूमिका रहने हुँदा सदस्यहरुले पनि मुनाफा गर्न सक्ने र अरुलाई रोजगारी पनि दिन सक्ने किसिमका उद्योग/व्यवसायहरु छनौट गरी लगानी गर्न आग्रह गरेका थिए।

लघुवित्त सदस्यहरुको जीवनस्तर माथि उठाउनको लागि शाखा प्रबन्धक तथा फिल्ड स्तरका कर्मचारीहरुको ज्ञान, सीप तथा

पाँचौं समिक्षा गोष्ठिका सहभागीहरु

क्षमता विकास गर्न स्वावलम्बन विकास केन्द्रले फिल्ड स्तरका कर्मचारी लक्षित लघुउद्यमी सदस्य पहिचान तथा विकास विषयक तालिमको आयोजना गर्दै आएको छ। आर्थिक बर्ष २०७७।७८मा केन्द्रले यस्ता ५ वटा तालिमहरु सम्पन्न गरेको र जसबाट १०२ जना शाखा प्रबन्धक तथा कर्मचारीहरु दिक्षीत भएका छन्।

वातावरण मैत्री स्वावलम्बन गाउँ छनौटको लागि सम्भाव्यता अध्ययन

वातावरण मैत्री स्वावलम्बी गाउँ विकासका लागि काभ्रेपलाञ्चोक जिल्लाको खानीखोला गाउँपालिका ५मा ग्रामीण प्रविधि केन्द्रले सौर्य उर्जा मार्फत ग्रामीण विद्युतिकरणको लागि गाउँ स्तरीय योजना निर्माण तथा पैरवी विषयक अभिमुखीकरण कार्यशालाको आयोजना गरेको थियो। २०७७ मंसिर २२ देखि २५ गते सम्म आयोजना गरेको उक्त कार्यशालामा खानीखोला गाउँपालिकाका सात वटै वडाध्यक्षहरुको सहभागिता रहेको थियो।

अभिमुखीकरण कार्यशालामा सहभागी जनप्रतिनिधिहरु

स्थानीय नेतृत्व तथा सरोकारवालालाई ग्रामीण क्षेत्रको उर्जामा पहुच बढाउन सोलार उर्जाको महत्व र फाइदा बारे जनचेतना जगाउने उद्देश्यले उक्त कार्यशालाको आयोजना गरिएको थियो। साथै कार्यशालाले स्थानीयहरुलाई गाउँपालिका स्तरको उर्जा योजना निर्माण तथा कार्यान्वयनको विषयमा पैरवी गर्ने तथा यस क्षेत्रमा लघुवित्त संस्थाहरुका कार्यक्रमको औचित्य तथा महत्वबारे ज्ञान दिने लक्ष पनि लिएको थियो।

सोही अवसरमा वाताबरण मैत्री स्वावलम्बी गाउँ विकासको सम्भाव्यता अध्ययन गर्न स्वावलम्बन विकास केन्द्रले खानीखोला गाउँपालिकाको भाडटारवेशी गाउँको अध्ययन अवलोकन गरेको थियो।

ग्रामीण प्रविधि केन्द्रले स्थानीयलाई विद्युतमा पहुच पुऱ्याउन यहाँ ग्रामीण सोलार विद्युतीकरण परियोजना शुरु गरेको छ। यस अन्तर्गत १० किलोवाट क्षमताको मिनि ग्रीड सोलार प्रणाली स्थापना गरी खानीखोला गाउँपालिका वडा नं ३ को भाडटारवेशी गाउँका करिव १०० परिवार र स्थानीय व्यवसायीहरुलाई विद्युतमा पहुँच पुऱ्याउने छ। साथै ग्रामीण प्रविधि केन्द्रले स्थानीय ३१ घरधुरीका १५० जनालाई कुटानी पिसानीमा लाभ पुऱ्याउन सुधारिएको पानी घट्ट निर्माण गरिरहेको छ।

८० प्रतिशत तामाङ समुदाय रहेको भाडटारबेशी गाउँ विद्युत संगै वित्तीय पहुचबाट टाढा रहेको छ। गाउँमा बैंक तथा वित्तीय संस्थाको उपस्थिति छैन्। स्थानीय महिलाहरुले ५० रुपैयाँ जम्मा गरेर गठन गरेको आमा समूहले स्थानीय स्तरका वित्तीय आवश्यकताहरु भरथेग गरेको छ। प्राकृतिक स्रोतले सम्पन्न यो गाउँमा पशुपालन तथा खेतीपाती मुख्य व्यवसाय हुन्। पछिल्लो समय पशुपालनमा आधारित डेरी तथा मासुजन्य उत्पादन र कफी जस्ता नगदे कृषिवालीहरु सम्भावनाको रुपमा अगाडी आएका छन्। हेटौडा, खोपासी, वनेपा लगायतका ठूला वजारहरु नजिकै हुँदा स्थानीयहरुले आफ्नो उत्पादनको वजारीकरणको सम्भावना पनि देखेका छन्। स्थानीयहरु प्राकृतिक स्रोत र साधनको संरक्षण गर्दै उद्यम व्यवसायहरु प्रवर्द्धन गर्न वित्तीय संस्थाको आवश्यकता महशुस गरेका छन्। स्वावलम्बन विकास केन्द्रले वातावरण मैत्री स्वावलम्बी गाउँ विकासको लागि यस्तै सम्भावना भएका गाउँहरुलाई छनौट गर्ने अभिप्रायले सम्भाव्यता अध्ययन गरेको हो।

स्थानीयको कुटानी पिसानी मिल

समता शैक्षिक गुठीको अक्षय कोषमा
स्वावलम्बन विकास केन्द्रको आर्थिक सहयोग

संस्थापक उत्तम सञ्जेललाई चेक हस्तान्तरण गर्दै केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठ

स्वावलम्बन विकास केन्द्रले गरिब तथा विपन्न बर्गका बालबालिकाहरुलाई रु १०० मा नर्सरी देखि स्नातकोत्तर सम्मको गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको समता शैक्षिक गुठीको अक्षय कोषमा रु दुई लाख रुपैया सहयोग प्रदान गरेको छ । २०७७ फागुन २४ गतेका दिन केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठले सो सहयोग समता शैक्षिक गुठीका संस्थापक एवं अध्यक्ष उत्तम सञ्जेललाई हस्तान्तण गरेका छन् । अभिभावकविहिन, गरिबी तथा अन्य कारणले शिक्षाको पहुँच वाहिर रहेका बालबालिकाहरुको शिक्षामा सहजता होस् भन्ने उद्देश्यले यो सहयोग गरिएको हो ।

सहयोग हस्तान्तरणको क्रममा अध्यक्ष श्रेष्ठले समता शैक्षिक गुठीले गरिबहरुको पहुँच पुग्ने गरी शिक्षा प्रदान गरेकोमा समता शैक्षिक गुठीलाई धन्यवाद दिनुको साथै अवको दिनमा अभिभावकहरुलाई आर्थिकरुपले पनि सवल र सक्षम बनाउनु पर्ने र यसका लागि अभिभावकहरुलाई उद्यमी बनाउनु पर्ने धारणा राखे । अभिभावकहरुको इच्छा, चाहना, सीप र क्षमता वुझी उनीहरुलाई लघुवित्त कार्यक्रममा जोड्नु पर्ने श्रेष्ठको धारणा थियो । साथै अभिभावकहरुलाई उद्यमी बनाउने तथा विद्यार्थीहरुलाई शिक्षा संगै व्यवसायिक सीप सिकाउने काममा स्वावलम्बन विकास केन्द्रले समता शैक्षिक गुठी संग आफ्ना सदस्यहरु मार्फत ७७ वटै जिल्लामा सहकार्य गर्न सकिने सम्भावना रहेको बताए । समता शैक्षिक गुठीले ७७ वटै जिल्लाबाट विपन्न वर्गका बालबालिकाहरुलाई शिक्षा प्रदान गर्दै आएको छ ।

सोही क्रममा अध्यक्ष श्रेष्ठले केहि विद्यार्थी र अभिभावक आमाहरु संग पनि छलफल गरेका थिए । विद्यार्थीहरुका २० जना आमाहरु संग छलफल गर्ने क्रममा श्रेष्ठले अभिभावकहरुको पारिवारिक पृष्ठभूमि, वर्तमान अवस्था, उनीहरुको रोजगारी तथा आय आर्जनको अवस्था, पेशा व्यवसाय गर्ने चाहना, सीप तथा क्षमता लगायतका जानकारी लिएका थिए । साथै केहि गरौँ भन्ने चाहना र जाँगर भएका आमाहरु लघुवित्त संस्थामा आवद्ध भएर उद्यमी बन्न सक्ने सुझाव पनि दिएका थिए ।

यसै गरी विद्यार्थीहरु संगको अन्तरकृयामा श्रेष्ठले उद्यमशीलता प्रति उनीहरुको चासो बारे बुझेका थिए । विद्यार्थीहरुलाई पढाइ संगै व्यवसायिक सीप र आय आर्जन गरी आत्मनिर्भर बन्न सिकाउने र भविष्यमा रोजगारीको लागि विदेशिनु पर्ने परम्पराको अन्त्य गर्ने उद्देश्यले यस्तो छलफल गरिएको थियो । छलफलका क्रममा ३० जना विद्यार्थीहरुले व्यवसाय गर्ने चाहना राखेका थिए । उनीहरुको चाहना अनुसार अध्यक्ष श्रेष्ठले शुरुवातमा हरेक विद्यार्थीलाई कुखुराको ५ वटा चल्ला उपलब्ध गराएर उद्यमशीलताको शुरुवात गर्ने जनाएका छन् ।

सोही अवसरमा स्वावलम्बन विकास केन्द्रका संस्थापक सदस्य तथा ग्रामीण प्रविधि केन्द्रका वरिष्ठ सल्लाहकार लुमिन कुमार श्रेष्ठले विद्यार्थीहरुको सिकाईलाई व्यवसायिक बनाउन स्कुललाई कृषिसित जोडनु पर्ने र यसमा आफु र ग्रामीण प्रविधि केन्द्रले पनि सहयोग र सहकार्य गर्ने प्रतिवद्धता जनाए । साथै श्रेष्ठले बालबालिकाहरुको शिक्षाको लागि आफ्नो आमाको नाममा रहेको **मञ्चुका स्मृति कोष**बाट समता शैक्षिक गुठीको अक्षय कोषमा रु ५० हजार सहयोग पनि गरेका थिए ।

सहयोग हस्तान्तरणको अवसरमा स्वावलम्बन विकास केन्द्रका कार्यकारी प्रमुख बेचन गिरी, निर्देशक सतिश श्रेष्ठ, समता शिक्षा निकेतनका निर्देशक दिपक संञ्जेल, प्रधानाध्यापक अजय अधिकारी, लेखा प्रमुख सुरेश पौडेल लगायतको उपस्थिति थियो ।

स्वावलम्बन विकास केन्द्रले विगत ३ दशक देखि देशमा लघुवित्त कार्यक्रम प्रवर्द्धन गर्दै आएको छ । साथै कोरोना महामारी पछि केन्द्रले आफ्ना सदस्यहरु मार्फत गरिब तथा विपन्न बर्गका महिलाहरुलाई उद्यमी बन्न सघाउने, विद्यालयका बालबालिकाहरुलाई व्यवसायिक शिक्षा तथा सीप संग जोड्ने, वातावरण मैत्री स्वावलम्बन गाउँ निर्माण तथा प्रवर्द्धन गर्ने लगायतका कामहरुमा सघाउने गरेको छ ।

विद्यार्थीसंग अन्तरकृयामा अध्यक्ष शंकर मान श्रेष्ठ

समता शिक्षा सदन

स्वावलम्बन विकास केन्द (CSD)

– Institute of Microfinance & Cooperative Development

पो.ब.नं. ८८५२, माइतीघर हाइट, काठमाडौं, नेपाल

फोन : ९७७-१-४२६५६३५, ४२५६७८६, Email: csd@mos.com.np, Web: www.csdnepal.org.np